लेखापरीक्षण प्रतिवेदन

जैमिनी नगरपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

जैमिनी नगरपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/159

श्रीमान् प्रमुखज्यू,

जैमिनी नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, कुश्मिसेरा, बाग्लुङ्ग ।

विषय - लेखापरीक्षण प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/159

श्रीमान् नगरप्रमुखज्यू ,

जैमिनी नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, कुश्मिसेरा, बाग्लुङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ७२ करोड १८ लाख ७७ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ६४ लाख ७२ हजार (१.५४ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२१ लाख १० हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.२ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ११ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड २६ लाख ३ हजार र पेस्की बाँकी रु.९ लाख ३५ हजार रहेको छ। गत वर्षसम्म रु.१७ करोड ४ लाख ४० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ८० लाख ४५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६१	३१	२,६४,७१,८४५	०	१	२१,१०,०४२	५,३०,६४२	६१	३०	२,४८,९२,४४५	२,२७,२५२	१,११,२७,३९९	१,२६,०२,७९४	०	०	२,३७,३०,१९३	९,३५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाग्लुङ	१७०४४०१४९	०	५,७२,८७,७६७	११३१५२३८२	०	२,४८,९२,४४५	१३८०४४८२७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	जिन्सी दाखिला र हस्तान्तरण:	२१,१०,०४२
		यस वर्षको जम्मा	**२१,१०,०४२**
२	२०८०/८१	हेभी इक्विपमेण्टको प्रयोगः	२२,८४,९७६
३	२०८०/८१	स्वास्थ्य तर्फका दरवन्दीः	३४,५५,२८०
४	२०८०/८१	समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता :	५५,६३,५००
५	२०८०/८१	पूँजीगत बजेटमा चालु तथा उपभोग खर्च :	३८,८८,३८०
६	२०८०/८१	पालिकाको प्रशासकिय भवन (संघिय ससर्त) :	२,१२,२१,४३७
७	२०८०/८१	कार्यालय समयमा बैठक बसि भत्ता भुक्तानी :	४८,४५०

८	२०७९/८०	स्वीकृत दरवन्दी वाहिर करार सेवा	१६,३३,३८०
९	२०७९/८०	नियमित गर्नुपर्ने	१२,६९,६८३
१०	२०७९/८०	अतिरिक्त भत्ता	४,६६,६३७
११	२०७८/७९	कर्मचारी कल्याण कोष	१०,००,०००
१२	२०७७/७८	घटी परिमाण उत्खनन	१,५६,५६,०४४
१३	२०७७/७८	आयुर्वेदिक औषधि खरिदः	८,००,०००
		गत विगतको जम्मा	**५,७२,८७,७६७**
		कुल जम्मा	**५,९३,९७,८०९**

जैमिनी नगरपालिका, बाग्लुङ

(८०४४५४०२३००)

जैमिनी नगरपालिका , बाग्लुङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ११८.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१४३० जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२/०८/२५ देखि २०८२/०८/२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१ अर्ब ७२ करोड १८ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२१३६००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	बिवरण	रकम रु.
१	बढी भुक्तानी भएको बैठक भत्ता	१३६००
२	सामुदायिक सिकाई केन्द्रलाई बढी भुक्तानी भएको रकम	२०००००
	जम्मा	**२१३६००**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकिकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ ।

आय			व्यय		
क्रं. सं.	शीर्षक	रकम	क्रं. सं.	शीर्षक	रकम
१	बैक मौज्दात	४८६३१२२४.७१	१	चालु	४५४७५०१३६.८५
२	यस वर्षको धरौटीआम्दानी	६९५६७३१.९७	२	पुँजीगत	१४४२९३८६५.३९
३	आन्तरिक राजश्व	१२३९८३१०.५०	३	सडक बोर्ड - आन्तरिकश्रोत : सडक बोर्ड - नगद	४३३७६७२.००
४	वित्तीय समानिकरणअनुदान	९९९२६६४०.००	४	धरौटी फिर्ता	२०२४७७३.००
५	नेपाल सरकार - शसर्तअनुदान चालु : नेपाल सरकार - नगद अनुदान	३७१८०९१००.००		खाताबाट खर्च	
६	नेपाल सरकार - शसर्तअनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)	५३८५०००.००	५	विविध खर्च खाता	८३१८१५५.४९
७	नेपाल सरकार - शसर्तअनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)	६६०००००.००	६	प्रकोप व्यवस्थापन कोष	७७६२४४.००
८	नेपाल सरकार - शसर्तअनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)	८८०००००.००	७	विविध कोष खाता	३३८०००.००
९	नेपाल सरकार - शसर्तअनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)	३००००००.००	८	सामाजिक सुरक्षा	१९१२०४९१६.००
१०	नेपाल सरकार - शसर्तअनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)	१७२५९०००.००		फिर्ता खर्च	
११	नेपाल सरकार - समपुरकअनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)	५७७९०६३.००	९	पुजीगत प्रदेश सरकारफिर्ता	५६७०८३.००
१२	गण्डकी प्रदेश -समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान	१४५४६०००.००	१०	पुँजीगत सघ सरकारफिर्ता	१००१४७०.६६
१३	गण्डकी प्रदेश -समपुरक अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान	६००९०००.००	११	चालु संघिय सरकारफिर्ता	३९७०४९६४.४२
१४	राजस्व बाँडफाँड -प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	७३६८६७८.५३		मौज्दात रकम	
१५	राजस्व बाँडफाँड -संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद	९४५२२२३७.९८	१२	बैक मौज्दात संचित कोष	५४९१८७७८.४२
१६	सडक बोर्ड - आन्तरिकश्रोत : सडक बोर्ड - नगद	४३३७६७२.००	१३	धरौटी मौज्दात	७१२७१४४.४६
१७	कार्य संचालन विविधकोष खाता	११७६२७४३.६०	१४	विविध कोष खाता	११४२४७४३.६०
१८	प्रकोप व्यवस्थापन कोष	२०४९१४२.६८	१५	प्रकोप व्यवस्थापन कोषखाता	१२७२८९८.६८
१९	विविध खर्च खाता	७५४४७७०.००	१६	विविध खर्च खाता	११२९३८५.००
२०	सामाजिक सुरक्षा	१९१२०४९१६.००			
	जम्मा	**९२३१९०२३०.९७**		**जम्मा**	**९२३१९०२३०.९७**

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरे अनुसार यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

४ **वित्तीय बिवरणमा समावेश नभएको कारोवार:**

स्थानीय सरकार सञ्चचालन ऐन, २०७४ को दफा ६९ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र संघ तथा प्रदेशबाट प्राप्त रकम र स्थानीय तहको आफ्नो आम्दानी उक्त सञ्चित कोषमामा समावेश गर्नुपर्ने ब्यबस्था छ । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०१/१६ को निर्णय अनुसार स्वीकृत भै प्रत्येक स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत नैं आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने ब्यबस्था गरे अनुसार यस पालिकाको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । यस पालिकामा देहाय अनुसारका ४ शिर्षकहरुमा यो वर्ष संघीय सरकारबाट रु.२०७३२४०००/- बजेट प्राप्त भै रु.२००३४३८०४/- खर्च भएकोमा सो कारोबार सूत्र प्रमाणलीमा समावेश हुने ब्यबस्था नभएका कारण संघीय सरकारी कार्यालयलहरुले आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्ने सरकारी लेखा प्रणाली (सिग्यास) मा नैं लेखाङ्कन तथा प्रतिवेदन गर्ने गरेको छ ।

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथासंरक्षण	१९१९२६०००	१९१२०४९१६
२	स्थानीय तह प्रशासकीयभवन पुर्वाधार विकास	१३००००००	८३०३२८८
३	विद्यालय शिक्षाक्षेत्र योजना(केन्द्रस्तर)	२५८०००	०
४	स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	२१४००००	८३५६००
	जम्मा	**२०७३२४०००**	**२००३४३८०४**

यसरी एउटै स्थानीय तहले संघीय सरकारबाट प्राप्त हुने बजेटको सिग्यास प्रणाली र अन्य कारोबारको सुत्र प्रणाली मार्फत लेखाङ्कन तथा प्रतिवेदन गर्दा सबै कारोबाको एकिकृत वित्तीय प्रतिबेदन तयार नहुने र म्यान्युअल रुपमा छुट्टै एकिकृत वित्तीय विवरण तयार गर्नुपर्ने अबस्था छ । अत: स्थानीय तहले संघ, प्रदेश तथा स्थानीय तहको सबै आर्थिक कारोबारलाई एउटै प्रणालीमा समवबेश गरी एकिकृत बित्तीय विवरण तयार हुने ब्यबस्था गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरेको र लागू गरेको छैन । पालिकाको आन्तरिक नियन्त्रण ब्यबस्था सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् :

बजेट व्यवस्थापन तर्फ:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिमको ढाँचामा आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो

बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापन तर्फ:

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

खरिद व्यवस्थापन तर्फ:

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अद्यावधिक गरि राख्ने गरेको छैन ।

शिक्षातर्फ:

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

विविधतर्फ :

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

• कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यक्रमको बजेटबाट खाना खाजा लगायत विविध खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• खरिद गरेका अधिकांश सामाग्रीहरुको ब्राण्ड, मोडल, स्पेसिफिकेशन खुलाउने गरेको छैन ।

• मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

• पुर्वाधार निर्माणका अधिकांश कार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथा कार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा

प्रतिवेदन तयार गर्ने तथा स्वीकृत गर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने गरेको छैन।

• मूल्य अभिबृद्धि कर लाग्ने जिन्सी सामाग्री खरिद गरेकोमा अधिकांशको मूल्य अभिबृद्धि कर बाहेकको मूल्यमा जिन्सी प्रविष्टि गर्दा जिन्सी सामाग्रीको वास्तविक खरिद मूल्य नदेखिने गरेको छ ।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **सम्पत्ति हस्तान्तरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण:**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

८ **बैक हिसाब मिलानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ (३) मा गाउँपालिका तथा नगरपालिकाको कोषमा जम्मा हुन आउने सबै रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्ने र दफा ७३ (६) मा भएको ब्यबस्था अनुसार त्यस्तो रकम नियमितता, मित्तब्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यता कायम गर्ने आबश्यक ब्यबस्था मिलाई खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को अन्तमा विभिन्न खाताहरुको श्रेस्ता अनुसारको रकम र बैंकमा रहेको मौज्दातको अबस्था देहाय अनुसार रहेको छ:

खाताकोनाम	**श्रेस्ता अनुसार बाँकी**	**बैंक स्टेटमेण्ट अनुसार बाँकी**	**फरक**
चालु खर्च खाता	०	०	०
पूँजीगत खर्च खाता	०	०	०
धरौटी	७१२७१४४.४६	७१२७१४४.४६	०
संचित कोष	५४९१८७७८.४२	५४९१८७७८.४२	०
जम्मा			

पालिकाको यो वर्ष श्रेस्ता अनुसार र बैंक विवरण अनुसार मौज्दात बराबर रहेको विवरण प्राप्त भएकोले बैंक हिसाव मिलान विवरण तयार गरी रकम फरक परेको सम्बन्धमा थप भिडान गर्नुपर्ने देखिएन ।

९ **योजना तर्जुमा र कार्यान्वायन तर्फ:**

९.१ **ठेक्का व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा देखि ०.०८ प्रतिशत ३६.६३ सम्म घटीमा काम गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । स्विकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाहरुको न्यून लागतमा तोकिएको गुणस्तरको कार्य भएको नभएको सम्वन्धमा नम्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न संयन्त्र तयार गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा योजना सञ्चालन गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ:

सि. नं .	योजनाको नाम	ठेक्का नम्बर	निर्माण व्यवसायी	लागत अनुमान	संझौता रकम	घटी प्रतिशत
१.	Procurement of Nwar dhik dhullu biharthala hadikot road	JM/BAGLUNG/NCB/W/R/1/2081/82	Goji Infratech	१९९९४८४४	११६१५६१३	४२
२.	Construction Of Kusmishera Sarkuwa Biharthala Kewai hudai 8 number ward office Road.	JM/BAGLUNG/NCB/02/W/R/2081-082	Hillside Nirman Sewa	१९९९७४३८	११९९९६६३	४०
३.	Belbagar Radhakrishna mandir gaithundham mandir nirman	JM/BAGLUNG/NCB/W/B/3/2081/82	G. and S. Builders and Trading company	२६९९४६३	२०९५६६४	२२
४.	Paschim debata (Kamaljaisi mandir) purbadhar nirman	JM/BAGLUNG/NCB/W/B/4/2081/82	Dedicated engineering consultancy and construction pvt.ltd.,	२६९९८५३	२२८९६५५	१५
५.	Construction of hattidhunga road and Purbadhar Nirman Works	JM/BAGLUNG/NCB/05/W/R/2081-082	Om Multi Builders,	९९६९४७८	६३१७६७८	३७
६.	Construction of Bamboo Product Production Building	JM/BAGLUNG/NCB/06/W/R/2081-082	Phalebas Nirman Sewa Pvt. Ltd	२४९८०६४	१९९७३७५	२०
७.	Construction of Kushmisera Binamare Jaidi Chhisti Sadak	JM/BAGLUNG/NCB/07/W/R/2081-082	G. and S. Builders and Trading company	२६०२३५२	१९८७८२०	२४
८.	Construction of 3 no. Ward office building in Jaimini Municipality	JM/BAGLUNG/NCB/10/W/B/2081-082	padmadeep Construction	१००१४५१६	८२२११२१	१८
९.	कृषि एम्बुलेन्स खरिद	JM/BAGLUNG/NCB/10/G/V/2081-082	B & B Automobiles	३६९००००	३६८७१२०	०
			जम्मा	७४१६६००८	५०२११७०८	३२

९.२ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.१६२३५१७०६/- खर्च गरी ५१३ वटा योजनाहरु सम्पन्न गरेकोमा

नियमाबलीको व्यबस्था बमोजिम योजनाहरु हस्तान्तरण गरेको छैन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जानसक्ने देखिन्छ । अत: सबै सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

९.३ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष भएका कामका योजनाहरू देहायअनुसार रहेका छन्

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमकायोजना	२४२	१५६३५
२	रू.१ लाख देखि रू.३लाख सम्मका योजना	१७४	३३५६४
३	रू.३ लाख देखि माथिरू.५ लाख सम्मका योजना	२७	१०३३५
४	रु.५ लाख भन्दा माथिकोयोजनाहरु	९५	१६८०३७

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९.४ **निर्माण कार्य व्यवस्थापन** : पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छः

योजना संख्या	ठेक्का मार्फत		दरभाउपत्र मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
५३६	९	७४१६६००७	१४	७०३७०४३	५१३	१६२३५१७०६

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५३६ योजनाहरु मध्ये ठेक्का मार्फत ९ वटा योजनामा रु.७४१६६००७/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५१३ योजनामा रु.१६२३५१७०६/- खर्च गरेको छ । अर्थात ५३६ योजनामा भएको खर्च मध्ये 30.४५ प्रतिशत ठेक्का प्रक्रिया र ६६.६५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्नु पर्दछ ।

९.५ **ठेक्का बन्दोवस्तः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	९	५०२११७०८.०६	०	०	४	२८०००५९४.०८	५	२२२१११३.९८	८	३८३७०८१८.४

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.५०२११७०८ को ९ ठेक्का वन्दोवस्त गरेकोमा रु.२८०००५९४ का ४ ठेक्काको भुक्तानी दोस्रो चौमासिकमा र रु.२२२१११३ का ५ ठेक्काको भुक्तानी तेस्रो चौमासिकमा भएको देखिन्छ ।

१० **परामर्स सेवा खरिद:**

सम्भाव्यता अध्ययन/डि.पि.आर कार्यन्वयनको अवस्था: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले कार्य गर्न संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा आर्थिक वर्ष २०८१/०८२ मा विस्तृत अध्ययन प्रतिवेदन, सर्भेक्षण, प्रारम्भिक वातावरणीय अध्ययन जस्ता कार्यमा रु.३१५५२२१/- खर्च गरेको छ । यसरी बाह्य पक्षबाट परामर्श सेवा खरिद गर्नुको सट्टा मितव्ययिता अपनाई पालिकाकै जनशक्तिको परिचालन गर्नु उपयुक्त हुने देखिन्छ । यस्ता सम्भाब्यता अध्ययन तथा डि.पि.आर. तयार गर्ने कार्यमा परामर्श सेवा खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत ध्यान पुऱ्याएको पाईएन । प्रत्येक वर्ष डि.पि.आर तयार गर्ने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता समेत नगर्दा यस्ता कार्यमा भएको खर्चबाट अपेक्षित उलब्धी हाँसिल हुने नदेखिंदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ मा परामर्श सेवा (डि.पि.आर.समेत) वापत रु.३१५५२२१/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ:

क्र.सं.	आर्थिक वर्ष	कामको विवरण	परामर्शदाताको नाम	भुक्तानी रकम	योजना कार्यन्वयन हुन नसक्नुको कारण
१	०८१/८२	Initial Environmental Examination(IEE) of sustainable Extraction and collection of River bed materials and stone, slate quarry site of Jaimini Municipality	Green HerldEnvironmental and Engineering Consult Pvt. Ltd.	३३९०००	नदिजन्य पदार्थ उत्खनन संकलनको लागि दुइटा प्याकेजमा बोलपत्रकोसूचना E-bidding मार्फत प्रकाशन गर्दा एउटा प्याकेजमा कुनै पनि बोलपत्रपेशनभएको र एउटा प्याकेजमा एउटा मात्र बोलपत्र पेश भएको साथै निजको बोलपत्र स्वीकृत गरी सम्झौता गर्न पत्राचारगर्दा समेत सम्झौता गर्न नआएकोले बोलपत्र जमानत जफत गरिएको
२	०८१/८२	संगठन तथा व्यवस्थापन सर्वेक्षण	ब्रदर्श इन्भारोमेन्ट एण्ड जियोलोजिकल सर्भिस प्रा.लि.कोटेश्वर,महादेवस्थान, काठमाण्डौं	५७५५००	हालसालै मात्र प्रतिवेदन तयार भएको
३	०८१/८२	लोक सेवा आयोग तयारी कक्षा सञ्चालन	जेनिथ एजुकेशन प्रमोशन प्रा.लि., किर्तिपुर, काठमाण्डौं	३९५०००	तयारी कक्षा सञ्चालन गरिएको
४	०८१/८२	Hiring a Firm for Skills Development Training in Jaimini Municipality	Perfect Manpower Training Center Pvt. Ltd. Manamaiju Kathmandu	५००४३५	कार्यस्थलमा आधारित सिप विकास सम्बन्धि ५० दिने तालिम सञ्चालन गरिएको
५	०८१/८२	नगरका मुख्य सडकहरुको विस्तृत परियोजना प्रस्ताव DPR तयारी	Delcon International Pvt. Ltd., Kupondole -10, Lalitpur	१३४५२८६	विस्तृत परियोजना प्रस्ताव DPR तयार भएका सडकहरुका लागि बजेट माग गर्दै
			जम्मा	३१५५२२१	

११ **न्यायीक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ:

गत वर्षबाट सरेका विवाद संख्या	यस वर्ष दर्ता भएका विवाद संख्या	जम्मा विवाद संख्या	फछ्र्यौट/कारवाही भएका विवाद	फछ्र्यौट/कारवाही हुन बाँकी विवाद
६	२	८	३	५

उपरोक्तानुसार पालिकामा गत वर्षबाट ६ मुद्धा सरेर आएको र यो वर्ष मुद्धा दर्ता भएकोमा ३ मुद्धाको निरुपण भई ५ मुद्धाको जिम्मेबारी सरेको पाईयो । आर्थिक वर्ष २०८१/०८२ को अन्तमा बाँकी रहेका मुद्धाको समयमै न्यायिक निरुपण हुने व्यवस्था गर्नुपर्दछ ।

१२ **गत वर्षको खर्चको यो वर्ष भुक्तानी:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको जनाई भुक्तानी दिन बाँकीको विवरण पालिकाको निर्णय र आलेपबाट प्रमाणित गराई राखेर यो वर्ष रु.१३३८८३१/- भुक्तानी दिएको छ । जसमध्ये एउटा पूँजीगत योजना र एउटा चालु प्रकृतिका खर्च समेत रहेको पाईएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रमको खर्च चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवश्याक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म.ले.प.फा.नं.२११ अनुसार गत वर्षसम्मको म्याद नाघेको पेश्की रु.३७७७५००/- बाँकी देखिएको छ भने यस वर्षको म्याद नाघेको पेश्की रु.९३५०००/- बाँकी देखिएको छ । म्याद नाघेको र ननाघेको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यस वर्ष म्याद नाघेको पेश्की रु.९३५०००/- नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु..

पेश्की लिनेको नाम	चालु आर्थिक वर्षकोपेश्की	गत आवसम्मको पेश्की	हालसम्मको बाँकीपेश्की
कार्यालय सहयोगी रबिन्द्र पौडेल	१२००००	०	१२००००
पद्मदिप कन्स्ट्रक्सन	७५००००	०	७५००००
लेखन नेपाल मिडिया प्रा लि	६५०००	०	६५०००
अर्मटुडी घाट झोलुङ्गे पुन निर्माण उ स १	०	२८००००	२८००००
कृषि उपज संकलन भवन निर्माण उ स	०	२१९०००	२१९०००
कालिगण्डकी करिडोर ढाव सतिढुंगा चोखेक सिङ्गेपोखरी सडक स्तरोन्नतीउ स	०	३१३५००	३१३५००
खुर्सानीवोट लस्करे छत्रेआप राधिखोला धुम खोलाखानी सडक निर्माण उस	०	१०००००	१०००००
खाल्टे विजुवाघाट स्टिल ट्रस पुल निर्माण उपभोक्ता समिति जैमिनी ९	०	२६५०००	२६५०००
जाडि भानेवन पैयु घ्युर सहराते सडक निर्माण उ स	०	३०००००	३०००००
देउरालीघाट झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति	०	३२५०००	३२५०००
दारेगौडाघाट झोपु जैमिनी	०	६०००००	६०००००
फलाटे रुखेनी फाँट झोलुङगेपुल निर्माण उपभोक्ता समिति	०	५०००००	५०००००
साङदीघाट झोलुङ्गो पुल निर्माण उपभोक्ता समिति	०	५९५०००	५९५०००
कर्ण बहादुर पुन	०	५६०००	५६०००
कर्ण वहादुर दमै	०	२८०००	२८०००
देउकली दमिनी	०	२८०००	२८०००
नारायण प्रसाद सापकोटा	०	२८०००	२८०००
निक्की वि क	०	२८०००	२८०००
भिम बहादुर हमाल	०	२८०००	२८०००
मनिष श्रिष	०	५६०००	५६०००
सुमित्रा क्षेत्रि जैसी	०	२८०००	२८०००
जम्मा	९३५०००	३७७७५००	४७१२५००

पेश्की	९,३५,०००

१४ **जिन्सी दाखिला र हस्तान्तरण:**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,११०,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१५ **फरक दाखिला:** (५२९-२०८२/०३/२१/):

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । यस पालिकाले गाउँपालिका पुँजीगत अन्तर्गत खरिद गरेका रु.२९४९९४/- मूल्यका देहाय अनुसारका खर्च भएर नजाने जिन्सी सामाग्री तथा सम्पतीहरु खर्च भएर जाने वर्गमा राखेर सार्वजनिक सम्पती ब्यबस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको प्रमाण पेश गरेको छ । यसरी खरिद भएका जिन्सी सामाग्री तथा सम्पतीहरु एक वर्ष भित्रमा खर्च भएर नजाने र लामो समयसम्म टिक्ने गरी धेरै वर्ष आयु भएका सम्पती भएको हुनाले खर्च भएर नजाने जिन्सी वर्गमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ.नं./ मिति	जिन्सी सामाग्री/सम्पतीको विवरण	परिमाण	मूल्य	आपूर्तीकर्ता
५२९-२०८२/०३/२१	४ थान घुम्ने कुर्सी, १ थान काठको टेबल, ४० थान प्लाष्टिक टेबल	४५	२२८९९४	सृष्टि फर्निचर सेन्टर (६०३६४४२३४)
	जम्मा		२९४९९४	

प्रमाण पेश नगरेको	२,९४,९९४

१६ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

१६.१ **दरबन्दी र पदपूर्ती :** पालिकामा स्वीकृत कर्मचारी दरबन्दी पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्;

क्र.सं.	स्वीकृत पद	संख्या	पदपूर्ती			पदपूर्ती बाँकी
			स्थायी	करार	ज्यालादारी	
१	अधिकृत स्तर	१४	१०	०	०	४
२	सहायक स्तर	९८	९४	४	०	१२
३	कार्यालय सहयोगी	७	२	५	०	०
	जम्मा	११९				

१६.२ **रिक्त पदको सूचना नदिएको:** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १३(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ११९ जना रहेकोमा १०६ जना स्थायी र ९ जना करारमा कार्यरत रहेका छन् । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा २ वटा रिक्त पदको मात्र प्रदेश लोक सेवा आयोगलाई सूचना दिएको विवरण पालिकाले उपलब्ध गराएको छ । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

१६.३ **स्वत: पद रिक्त:** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८१/०८२ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई ११ जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ । अत: पालिकाले समयमै प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएर करार सेवाको स्थानमा स्थायी पदपुर्ती गर्नुपर्दछ ।

१६.४ **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिका तर्फका कर्मचारीहरुको पारीश्रमिक वापत रु.२४५३९२२०/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६.५ **कर्मचारी कल्याण कोष:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु.१००००००/- ट्रान्सफर खर्च गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । स्पष्ट कानूनी ब्यबस्था गरेर मात्र यस्तो कोषमा रकम ट्रान्स्फर गर्नुपर्दछ ।

१७ **आर्थिक सहायता र विविध खर्चः**

१७.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष विभिन्न व्यक्ति तथा निकायहरुलाई सहयोग गरी रु.६९९०००/- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहयता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । पालिकाले आर्थिक सहायताको रकमलाई सार्बजनिकीकरण गर्नुपर्दछ ।

१७.२ विविध खर्च : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट अतिथि सत्कार खर्च लगायतमा रु.२७८१४९३/- खर्च लेखेको छ । जसमध्ये अतिथि सत्कार तथा होटलबास खर्चमा रु.१७०९४३६/- खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१७.३ **ईन्धन खर्च :** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु.४१६००४६/- इन्धन शिर्षकमा खर्च लेखेकोमा पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा पिकअप १, स्कार्पियो १, बोलेरो १, डबल क्याप पिकअप १ र मोटरसाईकल ३० थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१८ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **कार्य सञ्चालन कोषः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३५ (२) (क) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्य सञ्चालन कोषको गो भौ नं १-२०८२/३/३२ बाट कर्मचारी कल्याण कोष, बालकोष, स्वास्थ्य उपचार कोष तथा गतको आम्दानी समेतबाट प्राप्त आम्दानी उल्लेख गरेर रु.११५६२६४३/- एकमुष्ट आम्दानी बाँधेको छ । जसमध्ये कर्मचारी कल्याण कोषको रु.१००००००/- र बाल कोषको रु.१००००००/- गरी जम्मा रु.२००००००/- बाहेक हुने रकम रु.९५६२६४३/- कुन कुन प्रयोजनको लागि कुन कुन कोषमा कुन कार्यविधि अनुसार जम्मा भएको हो तथा उक्त रकम कुन कुन शीर्षकबाट ट्रान्सफर भई आएको हो सो समेत एकिन गरी हिसाव पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	९५,६२,६४३

२० **बजेट तथा कार्यक्रमः**

२०.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री हरिहर शर्माले मिति २०८१/०३/०९ गते रु.७३४५५३२२४.७१ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१/०९/२३ मा संसोधन सहितको बजेट रु.७३४५५३२२४.७१ को प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

२०.२ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ:

कुल बजेट	चालु बजेट	प्रतिशत	पूँजीगत बजेट	प्रतिशत
७३४५५३२२४	५०५९६१०१२	६८.८८	२२८५८४२११	३१.११

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.७३४५५३२२४/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.५०५९६१०१२/- अर्थात ६८.८८ प्रतिशत र पूँजीगत तर्फ रु.२२८५८४२११/- अर्थात ३१.११ प्रतिशत विनियोजन भएको छ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको भन्दा पुँजीगत प्रकृतिको खर्च गर्नमा बढि बजेट विनियोजन गर्नुपर्दछ ।

२०.३ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२०.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६०.२४ प्रतिशत र आषाढमा मात्र ३९.०६ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समान ढङ्गले खर्च गर्न पहल गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पालिका पूँजीगत	१२१३१५	५६५	१५०८२	४०४७८	६५१९०	४०६६५
२	संघीय ससर्त पूंजीगत	१७९७१	०	२५०	०	१७७२१	१४६४७
३	प्रदेश ससर्त पूँजीगत	५००७	०	०	१०००	४००७	१०५६
	कूल खर्च	१४४२९३	५६५	१५३३२	४१४७८	८६९१८	५६३६८
	खर्च प्रतिशत		०	११	२९	६०	३९

२०.५ **क्षेत्रगत बजेट र खर्चको स्थितीः** स्थानीय तहहरुले एकीकृत, समान र दिगो विकासका क्षेत्रगत रुपमा समान बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१/०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन (रु हजारमा)	खर्च (रु . हजारमा)	कूल बजेटमध्ये खर्चको प्रतिशत
१	आर्थिक विकास	२५३८९	१७२६८	२
२	सामाजिक विकास	४१३२९५	३७०४७६	५१
३	पूर्वाधार विकास	१४१३६२	८०७२२	११
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	२०२३०	१६५३४	२
५	कार्यालय सञ्चालन तथाप्रशासनिक	१२४२७७	१०८२९९	१५
	जम्मा	**७२४५५३**	**५९३२९९**	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास शीर्षकमा सबैभन्दा बढी ५१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २ प्रतिशत खर्च भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ४९ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समान ढङ्गले खर्च हुने व्यवस्था गर्नुपर्दछ ।

२०.६ **बजेट तथा पूँजीगत खर्च :** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.सं.	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	कुल बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८१/०८२	७३४५५३२२४	१४४२९३८६८	१९.६४

पालिकाको यस वर्ष बजेट रु.७३४५५३२२४/- विनियोजन गरेकोमा पूँजिगत रु.१४४२९३८६८/- खर्च गरेको छ जुन कुल बजेटको १९.६४ प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

२०.७ **बजेट तथा चालु खर्च:** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	आर्थिक वर्ष	बजेट	चालु खर्च	बजेटको चालु खर्चको प्रतिशत
१	२०८१/०८२	७३४५५३२२४	४५४७८५०२९	६१.९१

पालिकाले यो वर्ष रु.७३४५५३२२४/- बजेट विनियोजन गरेकोमा चालु तर्फ रु.४५४७८५०२९/- खर्च गरेको छ । जुन कुल बजेटको तुलनामा ६१.९१ प्रतिशत हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

२१ **उपभोक्ता समिति मार्फत कार्यः**

२१.१ **आनुपातिक कट्टी नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) मा उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष नगरपालिका पुँजीगतबाट देहायका उपभोक्ता समिति मार्फत देहाय अनुसारका योजनाहरु सञ्चालन गर्दा कार्य सम्पन्न अनुसार आनुपातिक कट्टि गरेर मात्र भुक्तानी गर्नुपर्नेमा देहाय अनुसार रु.१२४९०१/- बढी भुक्तानी गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु..

गो.भौ.नं./ मिति	योजनाको नाम/उपभोक्ता समिति	लागत अनुमान	पालिकाले तिर्ने अंश	कार्य सम्पन्न	पालिकाले दिनुपर्ने (कन्टेन्जेन्सी कट्टा गरेर)	पालिकाले दिएको	बढी भुक्तानी
८७-२०८१/०९/२९	धुसेनी नेपाने सडक स्तरोन्नती उ.स- वडा नम्बर ८	५३४२७०	४८००००	५२८२३४	४७४५७७	४८००००	५४२३
१४०-२०८१/११/०८	कोला खोल्सा डाँडा मोटरबाटो निर्माण उ.स-	१३६१४५	१२००००	१३३७३१	११७८७२	१२००००	२१२८
१४९-२०८१/११/०९	छौरेलोवा सिंचाई टंकी निर्माण उ.स-	२१६६२२	१९२०००	२०८९०३	१८५१५८	१९२०००	६८४२
५६२-२०८२/०३/२४	वडा कार्यालय घडेरी निर्माण उ.स.	३२०११२	२२७७५५	२५३१५०	१८०११३	२२७७५५	४७६४२
२४-२०८१/०७/१४	डेमेरुम्टा ज्यामिरेबन हुँदै कार्यालय सडक उ.स-	१०८१७४७	९६००००	१०७७४४९	९५६३६३	९६००००	३६३७
२०४-२०८१/१२/०१	सिशेरा सिढी निर्माण तथा दिब्यज्योती कक्षा ब्यबस्थापन उ.स.	१७८०४८	१५३०००	१७३९२०	१४९४५३	१५३०००	३५४७
०२-२०८१/११/१२ (विविध खाता)	वडा स्तरका सडक मर्मत सुधार उ.स. वडा नम्बर ९	८३८२०३	७४८८००	८०२९७१	७१७३२५	७४८८००	३१४७४
१७०-२०८१/११/१२ (पालिका पुँजीगत)	वडा स्तरका सडक मर्मत सुधार उ.स. वडा नम्बर ९						
६४-२०८१/०९/२२	स्तरका सडक मर्मत सुधार उ.स. वडा नम्बर ८	६४०७९७	५७६०००	६२३९६५	५६०८७०	५७६०००	१५१२३
२११-२०८२/०३/२०	कंडेलथर खानेपानी योजना	२७९९३८८	७१७५५१	२६३७२३६	६७५९८८	६८५०७३	९०८५
				जम्मा			१२४९०१

असुल गर्नुपर्ने	१,२४,९०१

२१.२ (५६२-२०८२/०३/२४ -):

उपभोक्ता समिति मार्फत सरकारी निर्माण: सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्धेश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ । यस पालिकाले वडा कार्यालयको घडेरी निर्माण उपभोक्ता समिति मार्फत गराई रु.२२७७५५/- भुक्तानी गरेर उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने र उक्त कार्यबाट हुने लाभ हानीमा उपभोक्ताले सहभागिता जाउनु नपर्ने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराएको पाईयो ।पालिकामा दक्ष प्राविधिक जनशक्ति भएकै अबस्थामा कम प्राविधिक दक्षता भएका उपभोक्ता समिति मार्फत सरकारी निर्माण कार्य गर्दा काममा गुणस्तर तथा विश्वासनीयता हुने देखिंदैन । अत: उपभोक्ता प्रत्यक्ष रुपमा लाभ लगतमा सहभागी नहुने सरकारी निर्माण कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराई रु.२२७७५५/- भुक्तानी गरेको अनियमित देखिएको रु..

अनियमित भएको	२,२७,७५५

२१.३ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं.१८३ वाट राज्यकोषवाट हुने तलव भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको अर्थ मन्त्रालयको प.सं. २०७४/०७५ मार्गदर्शन च.नं. १०९६

मिति २०७४/०२/१६ को पत्रको प्रकरण ४४ मा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार प्रदेश तथा स्थानीय तह विश्वविद्यालय नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान समिति परियोजना प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ।

२१.४ **हेभी इक्विपमेण्टको प्रयोग**: उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्नै पर्ने अबस्था आईपरेमा नियमावलीले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

२२ **सरसफाई, स्तरोन्नती तथा मर्मत खर्च:**

यस पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत ५१३ वटा योजनाहरु सञ्चालन गरि रु.१६२३५१७०६/- खर्च भुक्तानी गरेको मध्ये पालिका भित्रका विभिन्न वडामा सडक सरसफाई, स्तरोन्नती तथा पुर्वाधार मर्मत सम्बन्धी योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गराएको सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

२२.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने ब्यबस्था रहेको छ । यस पालिकाको स्वामित्वमा सडक सरसफाई तथा स्तरोन्नती गर्ने प्रयोजनको १ थान एक्साभेटर रहेको अबस्थामा पालिका भित्रका विभिन्न वडामा सडक सरसफाई, स्तरोन्नती तथा पुर्वाधार मर्मत सम्बन्धी योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उपभोक्ता समितिले बाह्य निर्माण ब्यबसायीहरुको लोडर, ऐक्साभेटर, डोजर भाडामा लिएर हेभि ईक्युमेन्टबाट कार्य सम्पादन गराई भाडा भुक्तानी गरेको छ । यस्ता योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरेतापनि योजनानको सबै काम हेभी इक्यूपमेन्ट प्रयोग गरी निर्माण व्यवसायीबाट गराएकोले स्थानीय स्तरमा कुनै रोजगारी सिर्जना भएको र स्थानीय स्रोत साधनको समेत उपयोग भएको देखिएन । अत: यस्ता योजना सञ्चालनमा सबै काम हेभी इक्वीपमेन्टबाट गराउने पर्ने भएमा उपभोक्ता समितिको उपादेयता समेत नदेखिएकोले यस्ता किसिमका योजनाहरु सञ्चालन गर्दा सार्बजनिक खरिद कानूनमा भएको व्यवस्था अनुसार खरिद प्रक्रियाको अबलम्बन गरि प्रतिष्पर्धाबाट निर्माण व्यवसायी छनौट गरेर न्यून लागतमा सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ ।

२२.२ गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले पालिका भित्रका देहाय अनुसार विभिन्न वडामा सडक सरसफाई, स्तरोन्नती तथा पुर्वाधार मर्मत सम्बन्धी योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उपभोक्ता समितिले बाह्य निर्माण ब्यबसायीहरुको लोडर, ऐक्साभेटर, डोजर भाडामा लिएर हेभि ईक्युमेन्ट प्रयोग गरी कार्य सम्पादन गराई रु.५९४१६८३/- भाडा भुक्तानी गरेको छ । यस्ता योजनाको कार्यसम्पन्न गरी उपभोक्ता समितिले पालिकामा पेश गरेका कागजातमा योजनामा लोडर, ऐक्साभेटर, डोजर भाडामा लिएर हेभि ईक्युमेन्ट प्रयोग गरेको जनाई सामान्य भर्पाई गराएर देहाय अनुसारका ब्यक्तिलाई रकम भुक्तानी गरेको छ । हेभि ईक्युमेन्ट सञ्चालक ब्यक्तिको नाममात्र जनाई उपभोक्ता समितले हेभि ईक्युमेन्ट प्रयोग गर्न गरेको संझौतामा निर्माण ब्यबसायीको छाप मात्र लगाएको छ भने हेभि ईक्युमेन्टको भाडा भुक्तानी गर्दा निर्माण ब्यबसायीको कुनै बिल बिजक पेश नगरी देहाय अनुसारका ब्यक्तिले समान्य भर्पाई मात्र गरेको छ । यस्तो भाडा भुक्तानी गर्दा सम्पादित योजनाको कुन स्थानमा कति समय हेभि ईक्युमेन्ट प्रयोग भएको हो सो ब्यहोरा खुल्ने लगसिट तथा निर्माण व्यवसायीको कम्पनी दर्ता तथा पान नम्बर खुल्ने कुनै कागजात समेत संलग्न गरेको छैन । यसरी बिल बिजक बेगर हेभि ईक्युमेन्टको भाडा भुक्तानी गर्दा निर्माण ब्यबसायीले आफ्नो आयमा भाडा आम्दानीको विवरण पेश नगर्ने र आन्तरिक राजश्व कार्यालयमा सो भाडा आम्दानीको आय कर समेत नबुझाउन सक्ने जोखिम देखिएको छ । पालिकाले यस्तो भुक्तानी गर्दा बिल भर्पाई तथा बिजक पेश गरि भुक्तानीको लागी रित पुगेको एकिन भएर मात्र उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्दछ।

२२.३ उपभोक्ता समिति गठन परिचालन तथा ब्यबस्थापन कार्यविधि, २०७८ को ११ (१) मा उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले पालिका भित्रका देहाय अनुसार विभिन्न वडामा सडक सरसफाई, स्तरोन्नती तथा पुर्वाधार मर्मत सम्बन्धी योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उपभोक्ता समितिले बाह्य निर्माण ब्यबसायीहरुको लोडर, ऐक्साभेटर, डोजर भाडामा लिएर हेभि ईक्युमेन्ट प्रयोग गरी कार्य सम्पादन गराई रु.५९४१६८३/- भाडा भुक्तानी गरेको छ । उपभोक्ता समितिले यस्तो भाडा भुक्तानी गर्दा हेभि ईक्युमेन्ट सञ्चालन निर्माण ब्यबसायीको बिजक पेश नगरी सामान्य कागजी भर्पाई गराएर देहाय अनुसारका ब्यक्तिलाई रकम भुक्तानी गरेको छ । यस्तो भुक्तानीमा बैंकको नाम तथा बैंक खाता नम्बर लगायतका व्यहोरा नखुलाई गैरबैंङ्किङ्ग भुक्तानी दिएको देखिन्छ । कार्यविधिमा भएको व्यवस्था अनुसार उपभोक्ताले बैंकिङ्ग प्रणाली मार्फत रकम भुक्तानी दिएको एकिन भएर मात्र पालिकाले उपभोक्ता समितिलाई योजनाको रकम भुक्तानी दिनुपर्दछ ।

२२.४ उपभोक्ता समिति मार्फत सञ्चालित देहाय हनुसारका २५ योजनाहरुमा शत प्रतिशत सम्म हेभि ईक्युपमेन्टको प्रयोग गरेको, निर्माण ब्यबसायीको कुनै बिल बिजक संलग्न नगरी सामान्य भर्पाई गराएर हेभि ईक्युपमेन्ट प्रयोगको भाडा भुक्तानी गरेको, हेभि ईक्युपमेन्टको प्रयोगको लगसिट पेश नभएको तथा उपभोक्ता समितिले निर्माण ब्यबसायीलाई गैर बैंकिङ्ग माध्यमबाट हेभि ईक्युपमेन्ट प्रयोगको भाडा भुक्तानी गरेको अबस्थामा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाको रकम भुक्तानी गरेको रु.५९४१६८३/- पालिकाले नियमित गर्नुपर्ने रु.

गो.भौ.नं.	मिति	योजनाको नाम	मूल्याङ्कन रकम	पेश भएको भाडा रकम	पालिकाको भुक्तानी रकम	भाडा भुक्तानी	भर्पाई गरी भाडा भुक्तानी दिएको व्यक्ति
६१	०९/०२/२०८१	वडा स्तरका विविध सडक मर्मत उ.स. वडा नं. ३	५३४९२१	५३४९२१	४८००००	४८००००	दल वहादुर श्रीस राना (हिलसाईड निर्माण सेवा, बागलुङ)
६६	०९/२८/२०८१	वडा स्तरका विविध सडक मर्मत उ.स. वडा नं. १	३०५२६६	३०५३००	२७३०००	२७३०००	रामहरी शर्मा (बुद्ध मातादी आर.आर.कन्स्ट्रक्सन एण्ड मल्टी सप्लायर्स)
९५	१०/१४/२०८१	वडा नम्बर ५ का सडक मर्मत तथा सुधार उ.स.	५३८८५७	४५८८४०	४८००००	४५८८४०	दल वहादुर श्रीस राना (हिलसाईड निर्माण सेवा, बागलुङ)
५३१,	०३/२२/२०८२	कुस्मीसेरा बाँसबारी सडक निर्माण उ.स.	४६९५०६३	४०७२३६८	५११११२	५११११२	राजन शर्मा (शुभारम्भ कन्स्ट्रक्सन)
२९,२८		विरथला किटेनी सडक निर्माण उ.स.			३५४०००	३५४०००	जयराम आचार्य (Caravan Construction Co.Ltdl)
१६१	११/११/२०८१	रातामाटा करिडोर सडक निर्माण उ.स.		६१०००	२८८०००	६१०००	ओम बहादुर खड्का (ओम मल्टि बिल्डर्स)
१७२	११/११/२०८१	कालडाँडा घडेरी मोटरबाटो निर्माण उ.स.	१६२०७२	१६३०००	१४४०००	१४४०००	सागर आचार्य (हिलसाईड निर्माण सेवा, बागलुङ)
१२४	१०/११/२०८१	छहरा सिमाना डाँडादह सडक निर्माण उ.स.	१०७०४४३	४४५९९७	६९००००	४४५९९७	लक्ष्मण खत्री (अर्पण ट्रेडिङ्ग एण्ड सर्भिस सेन्टर)
३९९	०१/३०/२०८१	धुस वडा कार्यालय नेपाने कैबै सडक निर्माण निर्माण उ.स.	१०६९६३५	१६६२४०	९६००००	१६६२४०	वसन्त शर्मा
४२४	०२/०९/२०८२	वडा स्तरका विविध सडक मर्मत उ.स. वडा नं. १	२९७१८१	११७६००	२६६८८०	११७६००	मोहन कुमार थापा
१५९	११/११/२०८१	दुलैबेसी अमरपुरी सुन्तलाचौर शिबमन्दिर सडक मर्मत उ.स.	१०६९६२१	४२७८०९	९६००००	४२७८०९	देब बहादुर छन्त्याल (Redstar Construction Pvt. Ltd.)
१७०	११/१२/२०८१	वडा स्तरका	८०२९७१	८०३०००	५४८८००	५४८८००	अजय बहादुर थापा

		विविध सडक मर्मत उ.स. वडा नं. ९					(हिलसाईड निर्माण सेवा, बागलुङ)
१७९	११/१३/२०८१	घटपाला खोलाखर्क गम्देरी सडक निर्माण उ.स.	३६९२५८	३७२०००	३३२१६१	३३२१६१	ओम बहादुर खड्का (ओम मल्टि बिल्डर्स)
२१६	११/२२/२०८१	चिनारा गौरीगाउँ सडक निर्माण उ.स.	३०८६२५	३०८६५२	२७७००७	२७७००७	वसन्त शर्मा (पौडेल निर्माण सेवा)
३४६	१२/३१/२०८१	मसिनीराजापानी जनडाँडा सडक निर्माण उ.स.	५३२९०६	५३२९०७	४७६१७४	४७६१७४	देब बहादुर छन्त्याल (Redstar Construction Pvt. Ltd.)
३६७	०१/०९/२०८२	कोरिडोर निरिङ्गे जैमिनि सडक निर्माण उ.स.	१०६७८४३	१७०००	९६००००	१७०००	ओम बहादुर खड्का (ओम मल्टि बिल्डर्स)
३४२	१२/३१/२०८१	कोरिडोर मन्त्याङ बगर सडक निर्माण उ.स.	४१४७३४	४७३५००	३७११८८	३७११८८	लक्ष्मण कुमार श्रेष्ठ (Six Brothers Constructions)
३४४	१२/३१/२०८१	केबैखानी धुस सडक निर्माण उ.स.	५३५८९९	५३५८९९	४७९७५५	४७९७५५	वसन्त शर्मा (पौडेल निर्माण सेवा)
		जम्मा	**१३७७५२९५**	**९७९६०३३**	**८८५२०७७**	**५९४१६८३**	

विपदको अबस्था र वर्षातको समयमा धेरै स्थानमा एकैपटक सडक सफाई तथा मर्मत गर्नुपरेको अबस्थामा पालिकामा उपलब्ध साधनले मात्र काम गर्न सम्भब नहुने कारण बाह्यपक्षबाट काम गराउनु पर्दा यस्तो हुन गएको पालिकाले जनाएको छ ।

अनियमित भएको	५९,४१,६८३

२३ **आन्तरिक आयतर्फः**

पालिकाको आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

२३.१ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

सि.नं.	शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आय प्रतिशत
१	सम्पती कर	३५००००	३०९१३३	८८.३२
२	भुमिकर/मालपोत	७०००००	६२२००४	८८.८६
३	वहाल विटौरी कर	१५०००००	१५९७७६७	१०६.५२
४	अखेटोपहारमा लाग्ने कर	८००००	०	०
५	सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय	१९७००००	०	०
६	न्यायिक दस्तूर	१००००	२३४५	२३.४५
७	परीक्षा शुल्क	१०००००	२९७००	२९.७
८	अन्य प्रशासनिक सेवाशुल्क	१००००००	६९३१२१	६९.३१
९	नक्सापास दस्तुर	५००००	६९३००	१३८.६
१०	सिफारिश दस्तुर	१६०००००	१८६९४३९	११६.८४
११	व्यक्तिगत घटना दर्तादस्तुर	८०००००	६२९३००	७८.६६
१२	नाता प्रमाणित दस्तुर	४०००००	२९१४००	७२.८५
१३	अन्य दस्तुर	८७००००	७२१६०	८.२९
१४	अन्य क्षेत्रको आय	५०२००००	०	०
१५	अन्य राजस्व	२०५००००	२७०८९९२	१३२.१५
१६	व्यवसाय कर	१००००००	१०२८२८०	१०२.८३
१७	बेरूजू	१०००००	३६९६०६	३६९.६१
	जम्मा	**१७६०००००**	**१०२९२५४७**	**५८.४८**

पालिकाको यस वर्षको राजश्व लक्ष्यको तुलनामा ५८.४८ प्रतिशत मात्र असुली भएको देखिएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित हुन नसक्दा असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याएर लक्ष्य अनुसार राजश्व असुलीको प्रगती हाँसिल गर्नेतर्फ ध्यान दिनुपर्दछ

२३.२ **कर संकलनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा पालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ:

आय शीर्षक	अनुमान	असुली (अल्या सहित)	असुली प्रतिशत
आन्तरिक आय	१७६००००००	१०२९२५४७	५८.४८

उपरोक्त विवरण अनुसार पालिकाले आन्तरिक आयको अनुमान रु.१७६००००००/- गरेकोमा अनुमानको तुलनामा ५८.४८ प्रतिशत अर्थात रु.१०२९२५४७/- आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२३.३ **आन्तरिक आय र खर्चको विश्लेषण :** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	आर्थिक वर्ष	आन्तरिक आय	पालिकाको जम्मा खर्च	को तुलनामा खर्चको प्रतिशत
१	२०८१/८२	१७६००००००	५९९०७८८९५	३४०३

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.५९९०७८८९५/- रहेको छ भने आन्तरिक आय रु.१७६००००००/- हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ३४०३ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ।

२४ **आय ठेक्का नलागेको:**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (च) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणिय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा, विक्रीवापत प्राप्त रकम पालिकाले संचितकोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्बन्धित स्थानिय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टि बालुवा, उत्खनन् ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खोलाहरुको घाटबाट २८१४० घ.मी. मा जम्मा परिमाणको ५० प्रतिशतले वार्षिक उत्खनन् परिमाण १४०७० घ.मि. को प्रति घनमिटर प्रदेश सरकारले तोकेको रु.३१७.८८ का दरले हुने रु.४४७२५७२/- वार्षिक रुपमा नदिजन्य पदार्थ उत्खनन्बाट राजश्व प्राप्त गर्न सकिने देखिन्छ । प्रारम्भिक वातावरणीय परीक्षणबाट नदीजन्य पदार्थ उत्खनन् गर्न मिल्ने जनाएका घाटहरुको समयमै आय ठेक्का नलगाउँदा एकतर्फ पालिकाको आन्तरिक आय गुमेको छ भने अर्को तर्फ उक्त घाटहरुबाट अनधिकृत रुपमा उत्खनन् तथा चोरी निकासी हुने समेत सम्भाबना रहन्छ । उक्त घाटहरुबाट आय ठेक्का नलगाएको साथै पालिकाले अमानतबाट समेत राजस्व संकलन नगरेको जनाएको छ । अत: पालिकाले समयमै ठेक्का लागाई राजस्व संकलन गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।

सि.नं.	घाटको नाम	IEE प्रतिबेदन अनुसारनिकाल्न मिल्ने परिमाण (घन मिटर)	बार्षिक उत्खनन् गर्नमिल्ने परिमाण (५० प्रतिशत) (घन मिटर)	राजश्व रकम
१	थाङ्ने बगर घाट (वडानम्बर-५)	१००२२	५०११	१५९२८९७
२	माझ बगर घाट (वडानम्बर-५ र ६)	३३०६	१६५३	५२५४५६
३	सुम्सा बगर घाट (वडानम्बर-६)	७८५६	३९२८	१२४८६३३
४	बेलबगर घाट (वडानम्बर-७ र ८)	२६८१	१३४०	४२५९५९
५	त्याङ बगर घाट (वडानम्बर-८)	४२७५	२१३८	६७९६२७
	जम्मा	**२८१४०**	**१४०७०**	**४४७२५७२**

उक्त घाटहरुको आय ठेक्का लगाउन सूचना प्रकाशन गर्दा पनि कुनै निवेदन नपरेको कारण आय ठेक्का नलागेको पालिकाले जनाएको छ ।

२५ **राजश्व ब्यबस्थापन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु.१०२९२५४७/- रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरुबाट कर, शुल्क, दण्ड, जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्ने गरेकोमा दहत्तर बहत्तरबाट प्राप्त हुने राजश्व विद्युत आपुर्ती अबरुद्ध भएको आकस्मिक अबस्थामा संकलन गर्न छापिएका रसिद काट्ने गरेको र अन्य प्रयोजनमा सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको कार्यालयले जनाएकोमा छापिएका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । कार्यालयले रसिद नियन्त्रण खाता नराख्नाले कुन समयमा कति मात्रामा रसिद छापिएका थिए, छापिएका रसिद ठेलिहरु कति वडा कार्यालयमा पठाईएका र कति ठेलि पालिका कार्यालयमा नैं उपयोग भए सो सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले वडा कार्यालयलाई रसिद ठेली उपलब्ध गराउँदा पालिकामा कुनै लिखित रेकर्ड नराखी मागका आधारमा उपलब्ध गराउने गरेको पाईयो । केहि वडा कार्यालयहरुमा वर्षभरिमा संकलन भएको राजश्व वर्षान्तमा मात्र राजश्व खातामा दाखिला गर्ने गरेको समेत पाईयो भने वडा कार्यालयहरुमा संकलन भएको राजश्व पालिकाले माग गरि बैंक दाखिला गर्न ताकेता समेत गरेको पाईएन । यसरी रसिद नियन्त्रण खाता नराख्नाले के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न छापिएका रसिद ठेलिहरुको नियन्त्रण गर्न रसिद नियन्त्रण खाता राखि प्रविष्टि गेरर मात्र रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

२६ **प्राकृतिक श्रोतको आय:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने

ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । सोही ऐनको अनुसूची ४ मा नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबिच प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले यो वर्ष प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनको लागी IEE प्रतिवेदनबाट 5 वटा घाटबाट १४०७० घनमिटर नदिजन्य श्रोत उत्खनन् गर्न अनुमति दिएकोमा यो वर्ष आय ठेक्का पनि नलगाएको र अमानतबाट पनि राजश्व संकलन नगरेको पालिकाले जनाएको छ । पालिका भित्रका विकास निर्माण कार्यमा ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोत समावेश गरी लागत अनुमान बनाउँदा त्यस्ता श्रोतको समेत लागत समावेश हुने तर पालिकाले प्राकृतिक श्रोतको उत्खनन् तथा प्रयोगमा कुनै राजश्व असुल नगर्नाले एकातर्फ पालिकाको आफ्नै क्षेत्र भित्रको प्राकृतिक श्रोतबाट हुने आन्तरिक आय गुमेको छ भने अर्को तर्फ आफ्नै पालिका भित्रको निर्माण कार्यमा आफ्नै पालिका भित्रको ढुँगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतमा मूल्य तिरेर खरिद गर्नु परेको छ । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा नेपाल सरकार तथा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ । अत: यस पालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा समयमै आय ठेक्का लगाई राजश्व संकलन गर्नुपर्दछ ।

२७ **कुस्मिसेरा दर्पण हाते पुस्तिका छपाई:** (४८७-२०८२/०३/१५-):

कुस्मिसेरा दर्पण हाते पुस्तिका छपाई: गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष कुस्मिसेरा दर्पण हाते पुस्तिका छपाई गर्न बागलुङ मेडिया हाउस प्राली (609772225) सँग संझौता गरेर ५०० प्रति पुस्तक छपाई गरि सो मेडिया हाउसलाई रु.९९०००/- भुक्तानी गरेकोमा छपाई भएका पुस्तक जिन्सी दाखिला गरेको छैन । पालिकाले पुस्तक छपाई गर्न बागलुङ मेडिया हाउस प्राली (609772225) सँग संझौता गरेको र सोही मिडिया हाउसलाई भुक्तानी गरेकोमा मिडिया हाउसले आफ्नो बिल पेश नगरी Himalaya Offset Press (601383119) को मूल्य अभिबृद्धि कर सहित रु.५२५००/- को बिजक पेश गरेर मूल्य अभिबृद्धि कर सहितको रकम भुक्तानी भएको छ भने अन्य खाना, खाजा, डिजाईनको भर्पाई पेश गरेको तर पालिकासँग कामको संझौता गरी पालिकाबाट भुक्तानी लिने संस्था बागलुङ मेडिया हाउस प्रालीले भुक्तानी लिएको रु.९९०००/- को आफ्नो बिजक पेश गरेको छैन । यसरी बागलुङ मेडिया हाउस प्राली (609772225) ले यस पालिकाबाट भुक्तानी लिएको कुल रकम रु.९९०००/- को एकमुष्ट रकम देखिने मेडिया हाउस प्रालीकै बिजक र छपाई गरेको ५०० थान पुस्तक पालिकाले सार्बजनिक सम्पती ब्यबस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	९९,०००

२८ **प्रशासकीय भवन निर्माण:**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यसायी रबिना प्रकृति जुगल जे.भी. (६१७६७१२९७) संग ठेक्का नम्बर JM/BAGLUNG/NCB/WR/03/2078-079 बाट मिति २०८१/०९/१५ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७८/१०/२१ मुअकर सहित मा रु.८१७६५०८२/- को संझौता गरेको छ । उक्त ठेक्काको दोश्रो पटक म्याद थप गरी २०८२/०९/१६ सम्म म्याद थप भै शुरु संझौताबाट हालसम्म ४८ महिना र शुरु संझौता अनुसार म्याद सकिएको १२ महिना व्यतित भैसक्दा मिति २०८२/०३/२४ मा सातौं रनिङ्ग बिलको रु.५१४३८२६/- सहित हालसम्म रु.४२७९८६४८/- भुक्तानी भएको र ५२.२३ प्रतिशत मात्र वित्तीय प्रगती भएको देखिन्छ । निर्माण व्यवसायीसँग समन्वय गरी लागत मित्तव्ययी हुनेगरी समयमै कार्य सम्पन्न गरेर भवन प्रयोगमा ल्याउने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

२९ **जैमनी सभाहल निर्माण:**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाको वडा नम्बर १ मा मिति २०८०/११/३० देखि सातवर्षसम्मका लागी र वार्षिक संझौता नबिकरण गर्ने गरी वार्षिक रु.६६०००/- का दरले वार्षिक ५ प्रतिशत बृद्धि हुनेगरी १ रोपनी १ आना ३ पैसा २ दाम व्यक्तिको जग्गा संझौता गरि भाडामा लिएको छ । यसरी भाडामा लिएको जग्गामा आर्थिक वर्ष २०८०/८१ मा रु.९८०३९४/- को सभाहलको लागी ट्रस निर्माण गरेको र आर्थिक वर्ष २०८१/०८२ मा रु.६९१५४०/- को सभाहलको ट्रसमा आर सिसि वाल र झ्यालढोका निर्माण गरि लिजमा लिएको जग्गामा हालसम्म रु.१६७१९३०/- खर्च गरेको छ । यसरी सातवर्षको लागि लिजमा लिएको जग्गाको लिज अबधि २ वर्ष व्यतित भैसकेको र ५ वर्ष मात्र बाँकि रहेको अबस्थामा पालिकाले लामोसमयसम्म आयु भएको स्थायी संरचना निर्माण गरेकोले निर्माण भएको संरचना भविश्यमा धेरै वर्षसम्म उपयोग गर्न सकिने आयु रहेकै अबस्थामा जग्गाधनिलाई फिर्ता गर्नुपर्ने भएका कारण ७ वर्ष मात्रको लागी लिजमा लिएको जग्गामा अब ५ वर्ष मात्र पालिकाले उपयोग गर्न पाउनेगरी स्थायी संरचना निर्माणमा खर्च गर्दा पालिकाको खर्च अनुत्पादक हुने देखियो । अत: यसरी छोटो अवधिको लागी भाडामा लिएको जग्गामा लामो आयु हुने स्थायी संरचना निर्माणमा गरेको खर्च रु.१६७१९३०/- अनियमित देखिएको रु. .

अनियमित भएको	१६,७१,९३०

३० **भ्रमण खर्च:**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि भ्रमण खर्च शीर्षकबाट रु.२२१८०१४/- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख खाता राखेको छैन भने अधिकांश कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतवेदन पेश गरेका छैनन् । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

३१ **मेलमिलापकर्ताको सञ्चार सुविधा:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले यो वर्ष पालिकाभित्रका ३१ जना मेलमिलाप कर्तालाई प्रतिमहिना रु.२००/- र १२ महिनाको प्रतिमेलमिलापकर्ता रु.२४००/- का दरले जम्मा रु.७४४००/- सञ्चार सुबिधा उपलब्ध गराएको छ । यस नगरपालिकाले मेलमिलाम कर्ता सम्बन्धमा कुनै कार्यबिधि तयार गरि लागू गरेको छैन । मेलमिलाप कर्ताहरु पालिकाका नियमित कर्मचारी नभई विवादको सहजकर्ता मात्र भएकोले यस्ता मेलमिलापकर्ताहरुलाई विवादको मेलमिलाप गराएको आधारमा कार्यबिधि बनाई दर निर्धारण गरेर मेलमिलाप भत्ता दिन मिल्ने तर बैठक भत्ता, सञ्चार सुबिधा, खाजा खर्च, यातायात खर्च लगायतका भत्ता तथा सुविधाहरु दिन मिल्ने देखिंदैन । अत: कुनै कानूनी आधार बेगर मेलमिलापकर्ताहरुलाई सञ्चार सुबिधा बापत रु.७४४००/- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७४,४००

३२ **स्नातक तह छात्रबृत्ति:** (४८६-२९८२/०३/१५-):

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को ज(२०) मा गाउँपालिका तथा नगरपालिकाले माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने उल्लेख छ । शिक्षा नीति, २०७६ को बुँदा नं १०.९ ले माध्यमिक शिक्षाको रुपमा १२ कक्षासम्मको पठनपाठनलाई माध्यमिक शिक्षाको परिभाषामा राखेको देखिन्छ । त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय ईकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित आर्थिक वर्ष २०८१/८२ को लागि प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाले स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक तहसम्म तलव तथा विद्यालयका अन्य गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । जैमिनि नगरपालिकाको स्नातक तह

छात्रबृति सम्बन्धी मापदण्ड, २०८० तयार गरी नगरपालिका क्षेत्रभित्र स्थापना भएको शान्तीद्विप बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरुका लागी आबास ब्यबस्थापन गर्न पालिकाबाट छात्रबृति अनुदान दिने ब्यबस्था गरेको छ । यसरी नगरपालिकाले आफ्नोक्षेत्राधिकार भित्र माध्यामिक विद्यालय मात्र पर्नेमा स्नातक तह अध्ययन हुने सामुदायिक क्याम्पसलाई छात्रबृति अनुदान दिनेगरी मापदण्ड तयारगरी सोही अनुसार आबासीय छात्राबृत्ति प्रदान गर्दै आएको छ । मापदण्डको बुँदा नम्बर ४ मा नगापालिका भित्र रहेको शान्तीद्विप बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरुका लागी आबास ब्यबस्थापन गर्न पालिकाबाट छात्रबृति अनुदान दिने ब्यबस्था गरेको छ भने बुँदा नम्बर ५ मा स्नातक तहमा प्रथम दोश्रो र तेश्रो वर्य निरन्तर अध्ययन गर्ने १२ जनाको कोटा निर्धारण गरेर प्रति महिना रु.४०००/- का दरले १० महिनाको रकम छात्रबृति उपलब्ध गराईने, विद्यार्थी अनिबार्य रुपमा छात्राबासमा बस्नुपर्ने, बुँदा नम्बर ९ मा क्याम्पस खुलेको दिनको ५० प्रतिशत भन्दा कम हाजिर भएमा र क्याम्पस छाडेमा छात्रबृति नपाउने लगायतका छात्रबृत्तिका प्रावधानहरु राखेको छ । पालिकाले यो वर्ष छात्राबासमा बस्ने विद्यार्थीको प्रमाणित हाजिरी, छात्राबासमा बसेको व्यहोरा खुल्ने कागजात तथा प्रथम दोश्रो र तेश्रो बर्ष निरन्तर अध्ययन गरेको हाजिरी र प्रमाणित विवरण समेत पेश नगरी रु.१४२००००/- उक्त क्याम्पसलाई छात्रबृति रकम भुक्तानी दिएको छ । यसरी भुक्तानी भएको रकम क्याम्पसको आयमा समावेश भए नभएको सम्बन्धमा क्याम्पसको लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन । यसरी नगरपालिकाको आफ्नो आन्तरिक आय समेत न्युन भएको तथा आफ्नोक्षेत्राधिकार माध्यामिक विद्यालयसम्म मात्र रहेको अबस्थामा क्षेत्राधिकार बाहेकका शैक्षिक संस्था (क्याम्पस) लाई छात्रबृति अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **सामुदायिक स्वयंसेबक ठूलिदिदी परिचालनः** (९२-२९८१/१०/०३-):

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष हेम्पेल फाउण्डेसन, भिएसओ नेपाल र जैमिनी नगरपालिकाको सहकार्यमा सामुदायिक विद्यालयमा ६ महिना सम्म सामुदायिक स्वयंसेबक ठूलिदिदी परिचालन गरेको जनाई प्रतिमहिना रु.१५००/- पारिश्रमिक र १ महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च सहित प्रतिब्यक्ति रु.१०५००/- का दरले ३३ जना महिला स्वयंसेबकको रु.३४६५००/- पारिश्रमिक पालिकाले भुक्तानी गरेकोमा पालिकासँग साझेदारीमा काम गर्ने संस्था हेम्पेल फाउण्डेसन र भिएसओ नेपालले कुल खर्चमा कुनै योगदान ब्यहोरेको छैन भने साझेदार संस्थाले के कस्तो काम गरेको सो को विवरण सहितको प्रतिवेदन पेश नगरी सबै रकम पालिकाले मात्र ब्यहोरेको छ । परिचालन गरेका स्वयंसेबकहरु विभिन्न ३३ सामुदायिक विद्यलयमा खटाईएकोमा विद्यालयले प्रमाणित गरेको हाजिर पेश गरेको छैन । परिचालकले पाउने पारिश्रमिक विद्यालयको खातामा पठाईएकोमा परिचालकहरुले रकम प्राप्त गरेको व्यहोरा खुल्ने भर्पाई तथा बैंक ट्रान्सफर विवरण समेत पेश गरेको छैन । अत: सामुदायिक स्वयंसेबक ठूलिदिदी परिचालनमा साझेदार संस्थाहरुले ब्यहोरेको योगदानको अंश सहितको कुल लागत अनुमान अनुसारको कार्यसम्पन्न प्रतिवेदन, सामुदायिक स्वयंसेबक ठूलिदिदीको विद्यालयले प्रमाणित गरेको हाजिर र सामुदायिक परिचालकले पारिश्रमिक प्राप्त गरेको भर्पाई/निजहरुको नाममा सम्बन्धित विद्यालयबाट रु.३४६५००/- पारिश्रमिक बैंक ट्रन्सफर गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,४६,५००

३४ **eHMIS प्रणाली सञ्चालनको नविकरण:**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत १३ वटा स्वास्थ्य संस्थामा सञ्चालन गरेको eHMIS (Electronic Health Management Information System) प्रणालीको नविकरण सम्बन्धमा यस पालिकाले कोड फ्युजन टेक्नोलोजिज् प्रा.ली. (६०६६४२२८२) काठमाण्डौसँग मिति २०८१/०५/२६ मा संझौता गरेर प्रति स्वास्थ्यसंस्था रु.५०००/- का दरले वार्षिक नबिकरण शुल्क मुअकर सहित रु.७३४५०/- भुक्तानी गरेको छ । यस पालिकाले कोड फ्युजन टेक्नोलोजिज् प्रा.ली.सँग गरेको संझौताको सर्तहरु मध्ये कोड फ्युजन टेक्नोलोजिज् प्रा.ली. ले स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सम्पूर्ण सेवाहरु HMIS Tools अनुसार नैं विद्युतिय रुपमा राखि त्यसै माध्यमबाट Report निकाल्ने र DHI2 मा स्वत: अपडेट हुने व्यवस्था मिलाउनु पर्ने सर्त राखेकोमा सो अनुसार कार्य भए नभएको सम्बन्धमा कुनै प्रगति प्रतिवेदन पेश भएको छैन । DHIS2 मा

डाटा प्रविष्टि गर्न आवश्यक पर्ने API तथा अन्य प्राविधिक TOOLS हरु स्वास्थ्य सेवा विभागसँग समन्वय गरेर प्रलाणीलाई Interoperable बनाउने व्यवस्था रहेकोमा स्वास्थ्य सेवा विभागसँग API तथा अन्य TOOL हरुसँग Interoperable बनाए नबनाएको कार्यप्रगति पेश भएको छैन । संझौताको अबधिसम्म कोड फ्युजन टेक्नोलोजिज् प्रा.ली.ले आवश्यक समन्वय गरी तथ्याङ्कको सुरक्षा (Data Security) तथा सर्भर सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था रहेकोमा कुन स्थानमा रहेको कुन सर्भरको लागी प्राविधिक सहयोग उपलब्ध गराएको सो सम्बन्धमा स्पष्ट हुने व्यहोरा खुलाएको छैन ।

कोड फ्युजन टेक्नोलोजिज् प्रा.ली.ले eHMIS प्रणाली निसिखोला गाउँपालिका अन्तरगतका ७ स्वास्थ्यसंस्थाको लागी विकास गरेको नभई पहिला नैं विकास गरी सञ्चालनमा रहेको र एउटै सोर्सकोड भएको eHMIS प्रणाली प्रयोग गर्ने युजर आईडि मात्र बनाए पुग्ने भएकोले पालिकाको ७ संस्थाको लागी मात्र API गर्नु आवश्यक हुने तथा मिल्ने देखिंदैन भने आवश्यक नहुने तथा नमिल्ने कार्य गर्ने जनाई संझौता गरेको मनासिव देखिएन । स्वास्थ्य संस्थाहरुले eHMIS प्रणाली सञ्चालनबाट सिर्जित तथ्याङ्कहरु केन्द्रीय स्तरबाटै भण्डारणको व्यवस्था हुने तथा तथ्याङ्क सुरक्षाको व्यवस्था पनि केन्द्रीय स्तरबाट नैं भएको हुनाले प्रत्येक स्वास्थ्य संस्थाको तथ्याङ्क सुरक्षाको गर्ने जनाई संझौता गर्नु आवश्यक देखिएन । पहिला नैं तयार भई सञ्चालनमा आईरहेको eHMIS प्रणाली वेबमा आधारित भएकोले स्वास्थ्य संस्थालाई युजर आईडी उपलब्ध गराए पुग्ने र केन्द्रीय स्तरमा कुनै स्थानबाट नैं प्राणीको सम्पूर्ण व्यवस्थापन गर्न मिल्नेमा प्रत्येक स्वास्थ्य संस्थाको लागी छुट्टै संझौता गरी प्रत्येक स्वास्थ्य संस्थाको लागी कुनै थप काम गर्नुपर्ने देखिंदैन । अत: संस्थाहरुले eHMIS प्रणाली सञ्चालनबाट सिर्जित महत्वपूर्ण सरकारी तथ्याङ्कको भण्डारण, सुरक्षा, ब्याकअप, रिकभरी तथा डिजास्टर रिकभरीको सुनिश्चित नगरी तथा उक्त प्रणाली सञ्चालनको सर्भर तथा डाटा सेन्टरको स्थान समेत निश्चित नभएको अबस्थामा सर्भरको लागि प्राविधिक सहयोग उपलब्ध गराउने, केन्द्रीय स्तरबाट स्वास्थ्य सेवा विभागसँग API तथा अन्य TOOL हरुसँग एकै पटक र एकै स्थानबाट Interoperable गर्नुपर्ने कामहरु प्रत्येक स्वास्थ्य संस्थाको लागि गर्नुपर्ने जनाई सर्त राखेर संझौता गरेको कारण eHMIS प्रणाली सञ्चालन गर्न प्रत्येक ७ स्वास्थ्य संस्थाका लागि यस्ता थप कार्य गर्न नपर्ने र प्रत्येक स्वास्थ्य संस्थाको लागि युजर आईडि बनाई एकै स्थानबाट यस्तो सुविधा दिन मिल्ने कार्यको लागि स्वास्थ्य संस्था अनुसार छुट्टा-छुट्टै थप कार्य गर्नुपर्ने जनाई संझौता गरेर eHMIS प्रणाली सञ्चालन गरी सोको वार्षिक नबिकरण शुल्क रु.७३४५०/- खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	७३,४५०

३५ करार कर्मचारीः

पालिकामा करार कर्मचारी सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन।

३५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाले दरबन्दी कायम नरहेका स्वास्थ्य सेवा तर्फका निम्नानुसार पदमा कर्मचारी राखी वर्षभरिमा रु.२५४०५३३/- खर्च लेखेको छ । दरबन्दी भन्दा बढी निम्नानुसार पदमा करार नियुक्त गरी भुक्तानी भएको अनियमित भएको रु.

पद	संख्या	र्षिक भुक्तानी भएको तलव भत्ता
अ.असिस्टेन्ट	१	४५७१५२
अ.हे.ब.	३	६५९१९३
अ.न.मी	३	७०५५५२
कार्यालय सहयोगी	३	७१८६३६
	जम्मा	२५४०५३३

अनियमित भएको	२५,४०,५३३

३५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१८२७९७२१/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा ईन्जिनिय, सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर, सहायक पाँचौं लगायतका पदमा करार नियुक्ति गरी रु.७०५४७४९/- खर्च गरेको देखियो । दरवन्दि यकिन गरी स्थायी पदपूर्ती गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३६ गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रम

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गरिबी निवारणको लागि उद्यमीको स्तरोन्नति आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स कार्यक्रममा प्रशिक्षण गरेवापत प्रशिक्षक श्री रेखा थापालाई गो.भौ. ४२८-०८२/३/२५ बाट रु.३३०००/- भुक्तानी भएकोले सो कार्यक्रमको कार्यपत्र पेश हुन नआएकोले निजबाट कार्यपत्र पेश हुनुपर्ने अन्यथा कार्यपत्र वापतको रकम असुल गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	३३,०००

३७ शिक्षातर्फः

पालिकाको शिक्षातर्फ देखिएका बेहोरा देहाय बमोजिम रहेका छन्।

३७.१ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८१/०८२ मा पालिका भित्रका ८० सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ:

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत/करार	रिक्त दरबन्दी
सामुदायिक	४०३	२३३	१७०	0

उक्त विवरण अनुसार पालिकामा जम्मा ४०३ शिक्षक दरबन्दी रहेकोमा २३३ जना स्थायी पदपूर्ती र १७० जना अस्थायी/राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७.२ **विद्यालय र विधार्थी संख्या:** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

क्र.सं.	विद्यालयको किसिम	विद्यालय संख्या	विधार्थी संख्या	प्रतिशत
१	सामुदायिक विद्यालय	७५	३७५६	९३.८७
२	संस्थागत विद्यालय	१	२४५	६.१२
	जम्मा	७६	४००१	

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ४००१ रहेकोमा ९३.४७ प्रतिशत संस्थागत विद्यालयमा र ६.१२ प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखियो ।

३७.३

शिक्षक विद्यार्थी अनुपातः शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक/विद्यार्थी अनुपात
१	अमर प्रा.वि., अर्जेवा	२	१६	१:८
२	जनज्योति आधारभूत प्रा.वि अर्जेवा	१	८	१:८
३	जनशिक्षित मावि, अर्जेवा	१५	१९७	१:१४
४	जनकल्याण मा.वि., अर्जेवा	१२	९६	१:८
५	गण्डकी प्रा.वि., विनामारे	३	२२	१:८
६	सरस्वती प्रा.वि., विनामारे	३	२३	१:८
७	शिशुकल्याण प्रा.वि., विनामारे	१	५	१:५
८	दलितउत्थान प्रा.वि., विनामारे	३	१४	१:५
९	ज्ञानोदय प्रा.वि., विनामारे	३	३४	१:१२
१०	सर्वोदयजनक मावि, विनामारे	१६	२४८	१:१६
११	केवैखानी प्रा.वि., छिस्ती	३	२५	१:८
१२	सरस्वती प्रा.वि., छिस्ती	२	६	१:३
१३	ताराज्योति प्रा.वि., छिस्ती	०	१	विद्यालय मर्ज भएको
१४	बालविकास प्रा.वि., छिस्ती	२	१४	१:७
१५	पृथ्वी प्रा.वि., छिस्ती	२	२२	१:११
१६	नवज्योति प्रा.वि., छिस्ती	३	२४	१:८
१७	विद्यामन्दिर प्रा.वि., छिस्ती	३	२३	१:८
१८	बाङ्लिङ प्रा.वि., छिस्ती	३	२४	१:८
१९	जनकल्याण मावि, छिस्ती	१५	२२०	१:१५
२०	छिस्ती आवि., छिस्ती	८	८५	१:११
२१	बसन्त मा.वि., छिस्ती	१२	१३६	१:१२
२२	क्वाड्दी प्रा.वि., छिस्ती	०	०	विद्यालय मर्ज भएको
२३	शहिदस्मारक प्रा.वि., दमेक	२	१२	१:६
२४	गणेश प्रा.वि. दमेक	२	१३	१:७
२५	कृष्ण प्रा.वि. दमेक	३	२५	१:८
२६	सगरमाथा प्रा.वि. दमेक	१	९	१:९
२७	ज्ञानज्योति प्रा.वि., दमेक	३	२४	१:८
२८	सरस्वती प्रा.वि., दमेक	४	३६	१:९
२९	जनभावना प्रा.वि. दमेक	०	२	विद्यालय मर्ज भएको
३०	दुर्गा प्रा.वि. दमेक	३	२७	१:९

३१	जनज्योति प्रा.वि. दमेक	०	०	विद्यालय मर्ज भएको
३२	लक्ष्मी प्रा.वि. दमेक	१	६	१:६
३३	दिव्यज्योति प्रा.वि. दमेक	१	४	१:४
३४	भरतपुरी मा.वि. दमेक	१२	१४६	१:१३
३५	शिवालय आवि., दमेक	८	७७	१:१०
३६	जनप्रिय मा.वि., दमेक	१२	९८	१:८
३७	सुन्तलाचौर मावि, दमेक	१७	२०६	१:१३
३८	शारदा प्रा.वि., (आहाले) जैदी	३	२७	१:९
३९	जनता प्रा.वि., जैदी	२	१६	१:८
४०	ज्ञानज्योति प्रा.वि., जैदी	३	२३	१:८
४१	कुईधाङ प्रा.वि., जैदी	३	२१	१:७
४२	शारदा प्रा.वि., (धुल्लु बाँओ)जैदी	३	३०	१:१०
४३	जनता बाल साक्षरता प्रा.वि., जैदी	१	८	१:८
४४	सरस्वती आवि., जैदी	७	५९	१:९
४५	संस्कृत मावि, जैदी	१७	१४७	१:९
४६	भगवती प्रा.वि., जैदी	३	३०	१:१०
४७	सतीढुंगा मा.वि., जैदी	१२	१६८	१:१४
४८	सिद्धिगणेश प्रा.वि., कुश्मी	१	४	१:४
४९	जैमिनी प्रा.वि., कुश्मी	१	६	१:६
५०	जनचेतना प्रा.वि., कुश्मी	३	२२	१:८
५१	पल्लोपाखा सा.मा.वि., कुश्मी	१२	७७	१:७
५२	कुश्मी प्रा.वि., कुश्मी	३	१४	१:५
५३	सरस्वती प्रा.वि., कुश्मी	२	१४	१:७
५४	शान्ति मावि, कुश्मीसेरा	२३	२५०	१:११
५५	जनता मावि, पैयुंथन्थाप	१४	१६६	१:१२
५६	मेलमिलाप प्रा.वि. पैयुंथन्थाप	३	२४	१:८
५७	सिद्ध प्रा.वि. पैयुंथन्थाप	२	१९	१:१०
५८	विजुवा मा.वि. पैयुंथन्थाप	११	११८	१:११
५९	एकता प्रा.वि. पैयुंथन्थाप	१	७	१:७
६०	जनज्योति प्रा.वि. पैयुंथन्थाप	१	९	१:९
६१	जनता प्रा.वि. पैयुंथन्थाप	३	२७	१:९

६२	रजतजयन्ती प्रा.वि. पैयुंथन्थाप	२	१३	१:७
६३	गाउँ फर्क आवि. पैयुंथन्थाप	७	३३	१:५
६४	तारेभिर मौरीभिर प्रा.वि.पैयुँथन्थाप	१	७	१:६
६५	शंकर प्रा.वि., राङ्खानी	१	१३	१:१३
६६	धनचिना प्रा.वि., राङ्खानी	२	२२	१:११
६७	राङ्खानी मावि राङ्खानी	१५	२७२	१:१८
६८	जनजागृति प्रा.वि., राङ्खानी	१	७	१:५
६९	देउराली प्रा.वि., राङ्खानी	२	१९	१:१०
७०	जनता मावि.,(पाही) राङ्खानी	१५	२२२	१:१५
७१	बालसाक्षरता प्रा.वि., राङ्खानी	१	६	१:६
७२	जनता प्रा.वि., राङ्खानी	३	२८	१:१०
७३	जनप्रिय आधारभुत बिद्यालय., राङ्खानी	३	२८	१:१०
७४	सरस्वती प्रा.वि., सर्कुवा	२	१३	१:७
७५	जनता मावि, सर्कुवा	१६	१५७	१:१०
७६	सर्वोदय प्रा.वि., सर्कुवा	०	१	विद्यालय मर्ज भएको
७७	दिव्यज्योति प्रा.वि., सर्कुवा	४	३३	१:९
७८	जनप्रिय आवि., सर्कुवा	६	४७	१:८
७९	जनज्योति प्रा.वि., सर्कुवा	२	१३	१:७
८०	जैमिनी संस्कृत आवि. दमेक	५	१९	१:४
	कुल जम्मा	४०३	३३०२	१:०९

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:०९ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले ९ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा बाग्लुङ्ग जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ४५ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

३७.४ **शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा ५७ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ:

क्र.सं.	जिपिए	जम्मा विधार्थी	उत्तिर्ण विधार्थी संख्या		उत्तिर्ण प्रतिशत	
			संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक
१	३.६१ - ४.००	१६	४	१२	५७	३.७५
२	३.२१ - ३.६०	४१	३	३८	४२.८५	११.८७
	जम्मा	५७	७	५०		

उल्लेखित तालिका अनुसार ५७ विधार्थी मध्ये ३.६१-४.०० जिपिए ल्याउने १२ जना र ३.२१-३.६० जिपिए ल्याउने ३८ जना विधार्थी सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखियो । पालिकाले सामुदायिक विद्यालयमा उच्च जिपिए ल्याउने विद्यार्थी संख्या बृद्धि गर्न सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

३७.५ **संस्थागत विद्यालयको छात्रबृति र त्यसको अनुगमन:** पालिकाको जैमिनी नगर शिक्षा ऐन, २०८० को दफा ३८ उपदफा १ मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा बिपन्न अपाङ्गता भएकाहरु महिला दलित विद्यार्थीहरुलाइ छात्रबृत्ति गराउनु पर्ने र त्यसको विवरण गाउँपालिका शिक्षा शाखामा उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा सो को कार्यन्वयन भएको विवरण प्राप्त भएन । अतः ऐनमा तोकेको व्यवस्था अनुसार संस्थागत विद्यालयले छात्रबृति प्रदान गरे नगरेको पालिकाले अनुगमन गर्नुपर्दछ ।

३७.६ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ:

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	३१८०८५१२९.५	२८५७६१४५१.३८	३३०२	७६०६१.०६

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.७६०६१/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

३७.७ (७७-२०८१/६/१८:-):

थप तलव भत्ता : गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले ग्लोबल आइ.एम.ई.बैंक लिमिटेडको नाममा विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र खेलकुद शिक्षक समेतको नगरपालिकाको तर्फबाट थप तलव भत्ता शीर्षकबाट रु.६८०००/- खर्च लेखेको छ । उक्त रकम कसलाई भुक्तानी भएको हो सो खुल्ने कुनै कागजात संलग्न गरेको छैन । खर्च पुष्टी गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा उक्त रकम बैंकसँग फिर्ता प्राप्त गरी दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६८,०००

३७.८ **सेनेटरी प्याड खरिद तथा वितरणः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई स्थानीय तहले आवश्यक मात्रामा सेनेटरी प्याडको नियमानुसार खरिद गरी निःशुल्क वितरण गर्ने व्यवस्था छ। साथै सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसुची १ मा सेनेटरी प्याड को न्युनतम मापदण्ड तोकिएको छ। जस अन्तर्गत प्याडको सामान्य गुणस्तर, प्रयोग हुने कच्चा पदार्थ, प्याडको लेयर, आकार, सोस्ने क्षमता, नष्ट हुने क्षमता समावेश छ । यो आर्थिक वर्षमा पालिकाले सामुदायिक विद्यालयहरुका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि सर्जिमाट नेपाल बाट रु.९५७२००/- को सेनेटरी प्याड खरिद गरेको छ ।

प्याड खरिद गरिएको कम्पनीको नेपाल गुणस्तर तथा नापतौल विभागको ल्याब परीक्षण प्रतिवेदन र पालिकाले भेरिफिकेसन गरेको प्रतिवेदन समावेश छैन । यसरी ल्याव टेष्ट नभएको अवस्थामा गुणस्तर कायम भए नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन । खरिद गरिएको सेनिटरी प्याडको गुणस्तर तथा मापदण्ड पुरा भए-नभएको सम्बन्धमा पालिकाले एकिन गरी खरिद गरिएका सेनेटरी प्याड विद्यालयमा वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,५७,२००

३७.९ **दिवा खाजाः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाइ आधार मानी दैनिक रु १५ का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने व्यवस्था रहेको छ । स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ ।त्यस्तै प्रत्येक चौमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०८१/८२ मा विद्यालयका लागि विभिन्न मितिमा दिवाखाजाका लागी रु.५६७६७२५/- निकासा गरेको छ । नमूनाका रुपमा केही विद्यालयहरुको माग फाराम परिक्षण गर्दा IEMIS अनुसार रकम निकासा भएको देखिन्छ । तर पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन गरी प्रतिवेदन गर्नुका साथै उक्त कार्यक्रम कार्यन्वयन पुस्तिकामा भएको ब्यबस्थाको पालना गरेर मात्र दिवा खाजाको रकम भुक्तानी गर्नुपर्दछ ।

३७.१०(१११/०८१-९-१२-):

शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः शिक्षा तथा मानव स्रोतबाट प्रकाशित कार्यन्वयन पुस्तिका २०८१/८२ को उपक्रियाकलाप नं ९.३ मा १-३ मा गणित पढाइ तथा गणित क्षेत्रमा थप सिकाइ सामाग्री छपाइ तथा वितरण कार्यक्रमका लागि प्रति विद्यालय बार्षिक रु.९०००/- का दरले अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले उक्त कार्यक्रम अन्तर्गत सिकाइ सामाग्री छपाइ बापत रु.७१०८१५/- खर्च लेखेको छ । उक्त खर्च रकम बाट पालिकाले पुस्तक खरिद गरेकोमा खरिद भएका पुस्तकहरु विद्यालयमा बुझाएको देखिंदैन । अत: खरिद भएका पुस्तकहरु सम्बन्धित विद्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,१०,८१५

३८ **भत्ता वितरण:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष देहाय अनुसार कूल रु.१९१२०४९१६/- खर्च लेखेको छ । यसरी वितरण गरेको भत्ताका सम्बन्धमा लाभग्राहीहरुको वर्गिकरण अनुसारको तथ्यांक अद्यावधिक भएको र वितरण गरेको भत्ता यथार्थपरक भएको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ ।

किसिम	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		बार्षिक वितरण संख्या	बार्षिक वि रकम
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम		
अन्य जेष्ठ नागरिक भत्ता	२८५३	३४०२२६९६	२८९८	३४५८०१९३	२९२३	३४८६३३४८	२९५१	३५२४५९६८	११६२५	१३८७१२
जेष्ठ नागरिक भत्ता (दलित)	४२९	३३७८२००	४२७	३३७०२२०	४२९	३३८६१८०	४३८	३४५५३४०	१७२३	१३५८९९
जेष्ठ नागरिक एकल महिला	२९४	२३४०८००	२८६	२२७६९६०	२७५	२१९४५००	२६२	२०९०७६०	१११७	८९०३०२
विधवा	५७०	४४९५४००	५८३	४६१५१००	५९८	४७३७४६०	६१३	४८४१२००	२३६४	१८६८९१
पूर्ण अपाङ्गता भत्ता	८०	९५७६००	८१	९६९५७०	८१	९६९५७०	८२	९७३५६०	३२४	३८७०३०
अति अशक्त अपाङ्गता भत्ता	१५५	९७८८८०	१५८	१००४४१६	१६०	१०१५०५६	१६२	१०२९९५२	६३५	४०२८३०
दलित बालबालिका	६१६	९५२३३८	६३९	९६६३८४	६२७	९५५४४४	६१३	९५२२६८	२४९५	३८२६४३
जम्मा	४९९७	४७१२५९१४	५०७२	४७७८२८४३	५०९३	४८१२१५५८	५१२१	४८५८९०४८	२०२८३	१९१६१९

३९ **स्वास्थ्यतर्फः**

३९.१ **स्वास्थ्य तर्फः** पालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ:

स्वास्थ्य संस्थाको किसिम	स्वास्थ्य संस्थाको संख्या	दरबन्दी	पदपूर्ती	सेवाग्राहीको संख्या	औषधी वितरण रु.
स्वास्थ्य केन्द्र/चौकी	१३	७९	७९	४६३८४	१४६७४६६

उक्त विवरण अनुसार पालिकामा १३ स्वास्थ्य चौकीमा दरबन्दी अनुसार ७९ जना कर्मचारी कार्यरत रहेको देखियो । दरबन्दी अनुसारको पद रिक्त रहेको अबस्थामा सेवा प्रवाहमा असर नपरेको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ ।

३९.२ **औषधी खरिद**: पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु.१९०७४८९/- को औषधी खरिद गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. GMP सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश भएको छैन।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअधि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । औषधीको मौज्दात बढी भएका तथा म्याद भुक्तान हुन लागेका औषधी स्वास्थ चौकीमा हस्तान्तरण गरेको कारण पालिकामा म्याद भुक्तान भएको औषधी देखिएन । पालिकाले औषधीको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **बिल संलग्न नभएको** (४८०-२०८१/११/२३-):

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ३६ (५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले विभिन्न समयमा सूचना प्रकाशन गरे वापत एक संचार संस्थालाई रु.५४०००/- को बिजक संलग्न गरी रु.५७०००/- भुक्तानी दिएकोले भुक्तानी पुष्टी गर्ने कागजात पेस गर्नुपर्ने अन्यथा भुक्तानी पाउनेबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,०००

४१ **सफ्टवेयर सञ्चालन खर्च**

पालिकाले सञ्चालनमा ल्याएको डिजिटल प्रोफाइल प्रणाली नामक सफ्टवेयरको वार्षिक मर्मत खर्च वापत आर्थिक वर्ष २०८१/०८२ मा गो.भौ.नं. ९५२-२०८२/०३/२४ बाट फोर जि इन्जिनियरिङ(६०४२७१३१२) लाइ रु.१०००००/- भुक्तानी गरेको छ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएका छन्

४१.१ सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ को बुदा ४(४) मा सरकारी कार्यालयहरुले निर्माण गरेका वेबसाइटहरु सरकारी एकिकृत डाटा सेन्टर (Gonvernment Integrated Data Center) मा होस्ट गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही निर्देशिकाको बुदा नं. ४(५) मा सरकारी कार्यालयले वेबसाइट निर्माण गरेपछि त्यस्तो वेबसाइट निर्माणकर्ताबाट सोर्स कोड, टेक्निकल डकुमेन्ट्स, क्रेडिन्सियल्स तथा युजर म्यानुअल लिनुपर्ने र सम्झौता बमोजिम निजको सेवा अवधि समाप्त भए पछि त्यस्तो वेब साइट सञ्चालनमा निजको पहुँच नहुने कुराको सुनिस्चित गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिकामा सञ्चालनमा रहेको डिजिटल प्रोफाइल प्रणाली नामक सफ्टवेयर वेबमा आधारित भएकोमा सरकारी वेबसाइट (.gov.np) बाट होस्टिङ्ग नगरी प्राइभेट वेबसाइट jaimini.municipalprofile.org बाट होस्टिङ्ग गरेको लिङ्क पेश गरेको छ । यसरी प्राइभेट वेबसाइटबाट होस्टिङ्ग भएको प्रणाली सञ्चालनबाट सिर्जित तथ्याङ्कको भण्डारण तथा साईबर सुरक्षा सम्बन्धमा स्पष्ट हुन सकिएन भने प्राईभेट वेबसाईटबाट होस्टिङ्ग गर्दा सरकारी तथ्याङ्क दुरुपयोग समेत हुन सक्ने जोखिम देखियो । सम्झौतामा उल्लेख भए अनुसार AMC अन्तर्गत गर्नु पर्ने वार्षिक मर्मत, मोडिफिकेशन, cloud Space (Server) तथा Support सम्बन्धमा आपूर्तिकर्ताले गरेको कामको प्रमाणित विवरण तथा प्रतिवेदन समेत समावेस नगरी वार्षिक मर्मत खर्च रु.१०००००/- भुक्तानी गरेको छ । तसर्थ पालिकाले तयार गरेको सफ्टवेयरको निर्माता कम्पनीबाट सोर्सकोड तथा तथ्याङ्क प्राप्त गरी सम्बन्धित सफ्टवेयर सरकारी/पालिकाको वेभसाइट(.gov.np) बाट होस्टिङ्ग गरेर तथ्याङ्कको सुरक्षा र सेवा निरन्तर हुने सुनिश्चित भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा सम्बन्धित सफट्वेयर निर्माता कम्पनीबाट AMC खर्च रु.१०००००/- मा कर कट्टी पछि हुने रु.९७३५१/- असुल गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	९७,३५१

४१.२ नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले जडान गरी सञ्चालनमा ल्याएका सफ्टवेयरहरु निर्देशिकामा उल्लेख भएको व्यवस्था अनुसार सूचना प्रविधि विभागबाट स्वीकृती लिएको छैन । निर्देशिकामा भएको व्यवस्थाको पालना गरि स्वीकृत मानक अनुरुप भए भएको सुनिश्चित भएर मात्र त्यस्तो सूचना प्रविधि प्रणाली प्रयोग गर्नुपर्दछ ।

४२ **कृषि तथा पशुतर्फः**

पालिकाको कृषि तथा पशुतर्फ अनुदान वितरणमा देखिएका वेहोरा देहाय बमोजिम रहेका छन।

४२.१ **अनुदान व्यवस्थापन:** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छः

क्र.सं.	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	विनियोजित रकम	खर्च भएको अनुदान रकम
१.	कृषि तर्फ	३५	११२१६०००	७९९२२३३
२	पशु तर्फ	३१	५३३२०००	३८११८५१
		जम्मा	१६५४८०००	११८०४०८४

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.११८०४०८४/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएको सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

४२.२ **विगत वर्ष दिएको अनुदानको उपयोग:** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि तथा पशु क्षेत्रमा अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने र अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी अनुदानको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४२.३ **कृषि तथा पशुमा अनुदान:** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण एवं उत्पादन तथा उत्पादकत्वमा बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु तर्फ रु.9569978/- का कार्यक्रम संचालन भएको पाइयो ।

पालिकाले अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा सञ्चालन भएकोमा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व तथा अपनत्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४२.४ **पशुपन्छी वितरण कार्यक्रमः** जैमिनी नगरपालिका कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को दफा ४ मा कृषि तथा पशु कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम कार्यन्वयको अवस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यक्रममा पालिका भित्रका किसानहरुलाई पशु पंछी बितरणमा रु.३९४४००/- खर्च लेखेको छ । कार्यक्रमको प्रमुख उद्धेश्य कृषकको पशुपन्छी संख्यामा वृद्धि गर्दै आयस्तरमा वृद्धि गरी व्यवसायमा विस्तार गर्ने रहेको छ । तर वितरण गरिएका पशु लाभग्राहीले प्राप्त गरी पशुपालन व्यवसायमा अभिबृद्धि भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । तसर्थ वितरित कार्यक्रमको प्रभावकारिता र सही उपयोगको सम्बन्धमा पालिकाले नियमित अनुगमन गर्नुपर्दछ।

. भौ. नं./मिति	कार्यक्रम	निकासा खर्च
३१/०८२-२-१	एकल महिलाका लागि बाख्रा वितरण कार्यक्रम	२९५५००
१९/०८२-१-११	दलित एकल महिला पुरुषका लागि लेयर्स चल्ला वितरण	९८९००
	जम्मा	३९४४००

४२.५ **बीउ विरुवा खरिद तथा वितरणः** गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (९) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ ।पालिकाले किसानलाई निशुल्क वीउ विजन वितरण गर्न देहाय अनुसारका विभिन्न तरकारीको वीउ खरिद गरेको छ:

गो. भौ. नं./मिति	विवरण	भुक्तानी पाउने संस्था	रकम
२२३/०८१-११-२३	तरकारी बीउ खरिद	आधुनिक कृषि संसार	२२०४४७
७/०८१-११-२३	तरकारी बीउ खरिद	आधुनिक कृषि संसार	२८१४०१
२४१/०८१-११-२३	तरकारी बीउ खरिद	आधुनिक कृषि संसार	९५८००
जम्मा			५९७६४८

उक्त खरिद गरेको वीउ विजनको परिमाण के.जी. खुलाएर खरिद गरेको तर किसानलाई वितरण गर्दा परिमाण नखुलाई बीउबिजनको किट वितरण गरेको भर्पाइ पेश भएकोमा पाकेटमा रहेको वीउको प्रति किट परिमाण नखुलाएकोले खरिद भएको परिमाण बराबरको सबै बीउ वितरण भएको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । त्यस्तै आधुनिक कृषि संसारबाट बीउ खरिद गर्दा खरिद सम्झौतामा बीउ विजन प्रमाणिकरण निर्देशिका, २०७४ बमोजिम गुणस्तर कायम भएको बीउ हुनुपर्ने उल्लेख भएकोमा गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाले एकिन गरेको विवरण प्राप्त भएन । अतः बीउ खरिद गर्दा गुणस्तर कायम भए ब्यहोरा नखुलाएको तथा वितरण गर्दा परिमाण नखुलाएकोले खरिद गरेको बराबर परिमाणमा बीउ वितरण भएको सम्बन्धमा एकिन हुन नसकिएको र अनुगमन प्रतिवेदन समेत पेश नभएको अवस्थामा बीउ बितरणमा खर्च लेखेको रु.५९७६४८/- पालिकाले नियमित गर्नुपर्ने रु.

अनियमित भएको	५,९७,६४८

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**जिन्सी दाखिला र हस्तान्तरण** - गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । सोही नियमावलीको नियम ९२ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भरेरमात्र हस्तान्तरण गर्नुपर्ने र हस्तान्तरण पश्चात लगत कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले गाउँपालिका पुँजीगत अन्तर्गत विपद ब्यवस्थापन शिर्षकबाट विभिन्न सामाग्री खरिद गरि रु.२११००४२/- भुक्तानी गरेकोमा उक्त सामाग्रीहरु पालिकाको जिन्सी खतामा दाखिला गरेको छैन भने लक्ष्यित बर्गमा हस्तान्तरण समेत गरेको नपाईएकोले पालिकाको जिन्सी खातामा दाखिला गरी लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने भनी बेरुजू कायम भएकोमा पालिकाले पेस गरेको प्रतिक्रियाका आधारमा रु.१५७९४००/- बेरुजू फछर्यौट भई निम्नानुसार रु.५३०६४२/- बेरुजू कायम रहेकोले सो को प्रमाण पेस गर्नुपर्ने रु...	५,३०,६४२

क्र.सं.	बेरुजुको विवरण							रकम
	गो.भौ.नं.	मिति	आपूर्तीकर्ता/ परामर्शदाता	खरिद/कामको विवरण	परिमाण/ थान	रकम	कैफियत	
	६३	2081/ 09/ 22	Parbat Sport House, Kushma (610583755)	KELME जर्सी सेट	१२	४३३९२	पालिकाको जिन्सी खातामा दाखिला गरि लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	६३	2081/ 09/ 22	Parbat Sport House, Kushma (610583755)	Official Track	२	१२४३०	पालिकाको जिन्सी खातामा दाखिला गरि लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	८८	2081/ 09/ 29	Parbat Sport House, Kushma (610583755)	जर्सी सेट	२०	५००००	लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	४८८	2082/ 03/ 15	Parbat Sport House, Kushma (610583755)	Tracksuit with Print	१९	६४४१०	पालिकाको जिन्सी खातामा दाखिला गरि लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	४८८	2082/ 03/ 15	Parbat Sport House,	Tracksuit with Print	१९	६४४१०	पालिकाको जिन्सी	

क्र.सं.			बेरुजुको विवरण					रकम
			Kushma (610583755)				खातामा दाखिला गरि लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	४६१	2082/ 03/ 15	बालमैत्री सहजकर्ता कमला शर्मा	कपि+पेन-१५, Polo-Tshirt With Print-२५, कपि-४ दर्जन लगायतका सामाग्रीहरु	-	१५००००	पालिकाको जिन्सी खातामा दाखिला गरि लक्ष्यित वर्गलाई हस्तान्तरण गरेको भर्पाई पेश गर्नुपर्ने ।	
	५६४	2082/ 03/ 24	जिओ हाईड्रो कन्सुलेन्ट प्रा.ली. (604281595)	Detailed Geological and Geptechnical Study of Deuralikhani Damek Jaimini-3 and Tirtire Arjewa Jaimini-6 Land Slide	१	१४६०००	पालिकाको जिन्सी खातामा प्रतिवेदन दाखिला गर्नुपर्ने ।	
				जम्मा		**५३०६४२**		

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जैमिनी नगरपालिका, बाग्लुङ , जैमिनी नगरपालिका , बाग्लुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्रीकृष्ण पौडेल	२०८१-१२-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	अम्बिका सापकोटा	२०८१-१२-२९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२२७,२५२	११,१२७,३९९	१४,१८२,१९४	०	०	९३५,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२६,४७१,८४५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,११०,०४२
संपरीक्षणबाट थप भएको बेरुजू रु.					५३०,६४२
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२४,८९२,४४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८६३१२२४.७१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४१५९३२२६३	**चालु खर्च**	४५४७५०१३६.२६
प्रदेश सरकारबाट अनुदान	२०५५५०००	**पूँजीगत खर्च**	१४४२९३८६५.३९
राजश्व बाँडफाँट	१०१८९०९१६.९	**वित्तीय/अन्य व्यवस्था**	२४८२७३४७८.५७
आन्तरिक आय	१२३९८३१०.५		
अन्य आय	३२३७८२७१६.२६		
कुल आय	८७४५५९२०६.६६	**कुल खर्च**	८४७३१७४८०.२२
बाँकी मौज्दात		७५८७२९५१.१५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०)

विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
कर	१०६१४१२१८.५३	१०१८८०८८९.४५
अनुदान	४९०६४०२८४.९२	५०५०७६३४४.६८
अन्य राजस्व	८०१५३८८.७९	८५१६३६६.५४
विविध प्राप्ति	३६९६०६.	७,१२२.००
कुल जम्मा प्राप्ति	६०५१६६४९८.२४	६१५४८०७२२.६७
चालु	४५४७८५०२९.६५	४६००६०९४६.४५
पारिश्रमिक / सुविधा	३५८२०३१०९.३	३५४९९८२४६.८४
मालसामान तथा सेवाको उपयोग	४२१४३३६१.४३	५८६९८६२९.५३
सहायता (Subsidy)	०	११८२०३०.
अनुदान	५१११४१४५.३४	३८९८०८५७.०८
सामाजिक सुरक्षा	७३९२५०.	३२९७६६९.
अन्य खर्च	२५८५१६३.५८	२९०३५१४.
पूंजीगत	१४४२९३८६५.३९	१७१५५३३०९.५८
भवन तथा संरचना	८५७०४४४.	१५८९८३५४.१८
सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	३६९८७२०.	८३०२१४७.४
अन्य पूँजीगत खर्च	२७१११८९३.६४	४१८१४१८६.८१
सार्वजनिक निर्माण	८६०१९४३६.७५	९९४२१४११.१९
निर्मितसरचनाको सुधार खर्च	३८८०४७२.	१२८७२००.
पूँजीगत सुधार खर्च	१५०१२८९९.	४८३००१०.
कुल जम्मा भुक्तानी	५९९०७८८९५.०४	६३१६१४२५६.०३
बचत /कमी (ग = क-ख)	६०८७६०३.२	-१६१३३५३३.३६
धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	६१५४२६५.४५	२२१६५८९.१४
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		२२६३२१.५१
यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	१२२४१८६८.६५	-१३९१६९४४.२२

गत आ.व.को नगद तथा बैंक मौज्दात	६३६६२३९७.८२	७७५७९३४२.०४
विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	७५९०४२६६.४७	६३६६२३९७.८२

बेरूजु दफा ४२.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	आर्थिक बर्ष	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	कार्यक्रमको नाम	अनुदान रकम	अनुदान उपयोगको अवस्था
१	२०८०/०८१	आर्थिक विकास	१० वटा फर्म/ समूह/ सहकारी	साना सिंचाई प्रवर्धन कार्यक्रम	५७८३३८	३ प्लास्टिक पोखरी, ६ प्लास्टर पोखरी निर्माण र ५२०० मीटर (४० mm) को सिंचाई पाईप वितरणबाट सिंचित क्षेत्रफलमा वृद्धि
२	२०८०/०८१	आर्थिक विकास	२ समूह/ सहकारी	मकै बाली प्रवर्धन कार्यक्रम	४३७६२५	समुह सहकारी माफर्त मकै खेति भैईरहेको
३	२०८०/०८१	आर्थिक विकास	३ फर्म/ समूह/ सहकारी	रैथाने बाली प्रवर्धन कार्यक्रम	२७१७६५	समुह सहकारी माफर्त रैथाने बाली अन्तर्गत कोदो खेति भैईरहेको
४	२०८०/०८१	आर्थिक विकास	२ सहकारी	नयाँ तरकारी पकेट बिकास कार्यक्रम	९९०१५५	गोलभेडा,रायो,ब्रोकाउली,बन्दाकाउली,करेला,खुर्सानी,काक्रा,भेन्टाका बेर्ना र तरकारी उत्पादन, जैविक मल तथा जैविक विषादीको प्रयोग गरि वातावरण प्रदूषणबाट मुक्त भएको, नगरमा तरकारीको क्षेत्र विस्तार भएको साथै निरन्तर तरकारी उत्पादन गरि बिक्रि वितरण गरिरहेको
५	२०८०/०८१	आर्थिक विकास	२ सहकारी	आ.व. २०७९/८० मा स्थापना भएका मकै पकेट विकास कार्यक्रमको निरनतरता	४८४०४२	सहकारी माफर्त मकै खेति भैईरहेको
६	२०८०/०८१	आर्थिक विकास	२समूह/ सहकारी	कृषि जैविक विविधता संरक्षण कार्यक्रम	१५८१०२	समुह सहकारी माफर्त रैथाने बाली अन्तर्गत कोदो खेति भैईरहेको र स्थानीय बालीको संरक्षण भैरहेको
७	२०८०/०८१	आर्थिक विकास	९फर्म/ समूह/ सहकारी	फलफुल बाली प्रवर्द्धन कार्यक्रम	३६८५६४	४१ रोपनी अमिलो जात फलफुल क्षेत्र विस्तार भएको र उत्पादनको चरणमा रहेको
८	२०८०/०८१	आर्थिक विकास	कम्तिमा १५०० घरदुरी	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मुल्य अनुदान	२७६०६५	-
९	२०८०/०८१	आर्थिक विकास	६८ जना कृषक	५० प्रतिशत अनुदानमा टनेल प्लास्टिक वितरण	१५८०४०	मौसमी तथा बेमौसमी तरकारीहरुको खेति गरि उत्पादन गरिरहेको
१०	२०८०/०८१	आर्थिक विकास	३ समुह	नमुना अर्गानिक भिलेज कार्यक्रम	१३०६३५	रैथाने बिउ, स्थानीय श्रोत साधनको प्रयोग गरी अर्गानिक तरकारी उत्पादन गरि बिक्रिवितरण गरिरहेको
११	२०८०/०८१	आर्थिक विकास	१ सहकारी	कृषि सेवा फ्लोअप कार्यक्रम	१९३१९०	मुख्य मन्त्रि तथा जलवायु मैत्री कृषि गाउँको रुपमा स्थापित भएको, अर्गानिक तरकारी उत्पादन गरि बिक्रिवितरण गरिरहेको
१२	२०८०/०८१	आर्थिक विकास	१३ कृषक	मिनीटिलर मर्मत तालिम	१७१११०	आफ्नो तथा गाउ टोलमा रहेका मिनिटिलरको सामान्य मर्मत गरिरहेको
१३	२०८०/०८१	आर्थिक विकास	७१ कृषक	पर्यवारणय खेति (पुष्प खेति, मौरी पालन, घर	२७८६२५	निरन्तर मह उत्पादन गरिरहेको

				बैगैंचा बिपन्न/ दुर्गमका लागी) मागमा आधारित		
१४	२०८०/ ०८१	आर्थिक विकास	२२५ कृषक घरदुरी	कृषक सम्मान तथा दिवस समारोह सञ्चालन कार्यक्रम	१२०१३५	कृषकको मनोबल उच्च हुने तथा बालि उत्पादनमा बृद्धि भएको
१५	२०८०/ ०८१	आर्थिक विकास	७७ कृषक	कृषक राहत तथा बिपत व्यवस्थापन	१७८४८०	प्राकृतिक प्रकोप-राहत
१६	२०८०/ ०८१	आर्थिक विकास	२ विधालय	सामुदायिक विधालयमा नमुना कृषिप्रविधि प्रदर्शन कार्यक्रम	९७०००	व्यावहारिक ज्ञान र सिप आर्जन हुने, उत्पादित तरकारीहरुको बिक्रिबाट आयआर्जन हुने
१७	२०८०/ ०८१	आर्थिक विकास	१०३ कृषक	Iodine Sctrach Test lab स्थापना तथा माटो परिक्षण कार्यक्रम	१४१८१९	हरेक बाली र माटोको आवश्यकता अनुसार मलखाद सिफारिस गरिएको
१८	२०८०/ ०८१	आर्थिक विकास	१ बाखा फर्म	डाले घाँस नर्सरी स्थापना	४८४५७	म्यन्दोला, राई खन्यु, नेमरो आदि जातमा डाले घासका विरुवा उत्पादन भएको र फर्म मार्फत उत्पादन भई बिक्रि वितरण भैरहेको
१९	२०८०/ ०८१	आर्थिक विकास	२ सहकारी (४० कृषक)	मसला बाली प्रवर्धन कार्यक्रम	९९९८०	समुह सहकारी मार्फत खेति भैरहेको
२०	२०८०/ ०८१	आर्थिक विकास	१० समूह/ सहकारी (३७९ कृषक)	एक वडा एक उत्पादन (मागमा आधारित/ प्रतिफलमा आधारित प्रोत्साहन) कार्यक्रम	३९८७५०	प्रत्यक वडाको प्रमुख बाली पहिचान र उत्पादनमा वृद्धि भएको
२१	२०८०/ ०८१	आर्थिक विकास	२०५० कृषक घरदुरी	आकस्मिक बाली संरक्षण तथा नियमित सेवाटेवा कार्यक्रम	२५३६००	मौसम अनुसारका तरकारीको उत्पादन वृद्धि, नियमित प्राविधिक सल्लाह शाखा मार्फत भैरहेको
२२	२०८०/ ०८१	आर्थिक विकास	५० जना कृषक	हलगोरुपालक रागो, पालक कृषकक प्रोत्साहन अनुदान	५०००००	जन्ते काम निरन्तर भएको तथा पशु प्रकृतिक ग्रभाधान कार्य सञ्चालन भैरहेको
२३	२०८०/ ०८१	आर्थिक विकास	२समूह/ सहकारी	उत्पादन र बिक्रिमा आधारित दुधमा दुग्ध सामाग्री व्यवस्थापन अनुदान कार्यक्रम	१२८०६२	समुह सहकारी दुध उत्पादन तथा विक्रिवितरण कार्य भैईरहेको
२४	२०८०/ ०८१	आर्थिक विकास	१४ फर्म/ समूह/ सहकारी	क्षेत्रफलमा आधारिच घास विकास कार्यक्रम	१९४०००	घास उत्कोपादनमा बृद्धि भएको
२५	२०८०/ ०८१	आर्थिक विकास	१५ फर्म/ समूह/ सहकारी	५० प्रतिशत अनुदानमा समाग्री वितरण	२७८७००	सामाग्रीहरुको प्रयोग भई समुदायमा सेवा भैरहेको तथा उत्पादन लागत कम भएको

२६	२०८०/ ०८१	आर्थिक विकास	३० जना कृषक	बेसाहरा एकल महिला पुरुष बाखा कुखुरा	३०००००	लाभग्रीले पालन गरि जिवन यापनमा सहयोग भएको तथा हाल सम्म पालन गरिरहेको

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।
- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।

- गैरसरकारीसंस्थासँगको साझेदारीमा सञ्चालित योजनाहरुमा सम्झौता र लागत अनुमान अनुसारको एकिकृत कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही अनुपातमा पालिकाबाट भुक्तानी दिनुपर्दछ ।

- उपयोग हुने सुनिश्चित भएपछि मात्र सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) निर्माण गर्नुपर्दछ भने वेबमा आधारित सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) को सरकारी वेबसाईटबाट होस्टिङ्ग गर्ने ब्यबस्था गर्नुपर्दछ ।

- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउने व्यवस्था गर्नुपर्दछ ।